news24 दैनिक

वर्ष १३ अंक ०६ राष्ट्रिय दैनिक | २६ साउन २०८२, सोमबार भदौ कृष्ण द्वितीया | नेपाल संवत् ११४५ | Monday 11 August 2025 | www.news24dainik.com | पृष्ठ ८ | मूल्य १० रुपैयाँ

# ‘सरकार चाहिँदैन’



चितवन। माओवादी केन्द्रका अध्यक्ष एवं पूर्वप्रधानमन्त्री पुष्पकमल दाहाल ‘प्रचण्ड’ले सरकारमा जाने विषय आफूहरूको प्राथमिकतामा नरहेको बताएका छन्। चितवनमा आइतबार सञ्चारकर्मीसँग उनले सरकारले गरेका कामको विरोध गर्दा माओवादीलाई सरकार चाहिएको जसरी अर्थ्याउन खोजिएको बताए।

माओवादी केन्द्र अहिले नै सरकारमा जाने सोचमा नरहेको उनको भनाइ थियो। सरकार परिवर्तनका विषयमा सोधिएको प्रश्नमा उनले भने, ‘यो सरकारले राम्रो काम गरिरहेको छैन। त्यस विषयमा कुरा उठाउँदा सरकार चाहिएको जसरी बुझ्नुहुँदैन। हामीलाई सरकार चाहिएको छैन। त्यस विषयमा हामीले कुनै चासो राखेका छैनौं।’

माओवादी केन्द्रले भदौ तेस्रो साताबाट विगतमा स्थगन भएको अभियानलाई पुनः सुरु गर्ने र त्यसपछि पुनः केन्द्रीय कमिटी बैठक बसेर नयाँ एजेण्डासहित अघि बढ्ने उनको भनाइ थियो। ‘त्यसैले हाल सरकारभन्दा जनताका कुरा सुन्नतर्फ पार्टीलाई केन्द्रित गरिरहेका छौं। जनताको गुनासो र ती गुनासा समाधानका लागि अभियान पुनः सञ्चालन गर्न लागिएको हो,’ अध्यक्ष दाहालले भने।

हालै सम्पन्न स्थायी समिति बैठकबाट पार्टी एकताबद्ध भएको भन्दै उनले बैठकले गरेका निर्णय कार्यान्वयनमा आउने बताए। फरक प्रसंगमा उनले निर्माणाधीन गौतमबुद्ध अन्तर्राष्ट्रिय क्रिकेट रंगशालाको निरीक्षण गरेको र त्यहाँ द्रुत गतिमा काम अघि बढाउनुपर्ने आवश्यकता महसुस भएको उल्लेख गरे। *रासस*

# कैलाली झडपले खोल्यो जेल व्यवस्थापनमा सरकारको पोल

**भाषा शर्मा**
**काठमाडौं, साउन २५**

देशभरका कारागारहरूमा कैदी बन्दीहरूको संख्या क्षमताभन्दा निकै बढी हुँदा सुरक्षा र प्रशासनिक चुनौतीहरू व्यापक देखिन थालेका छन्। विशेषगरी कैलाली कारागारको पछिल्लो झडपले यस समस्यालाई पुनः उजागर गरेको छ, जहाँ तीन दिनसम्म सुरक्षाकर्मीले भित्र पस्न निरीह भएर कैदीबन्दीको स्वीकृति पर्खिनुपरेको थियो।

कारागार व्यवस्थापन विभागको तथ्यांकअनुसार कैलाली कारागारमा क्षमताभन्दा लगभग तीन गुणाभन्दा बढी ६८६ जना कैदी बन्दी छन् भने कारागारको क्षमता २३५ जना मात्र हो। त्यहीँ गत शुक्रबार राति कैदीबन्दीका दुई समूहबीच भएको हिंसात्मक झडपमा धनगढी-४ का भरत चौधरीको मृत्यु भएको थियो। चौधरी लागूऔषध मुद्दामा थुनामा थिए। यो घटना पहिलो होइन, विगत वर्षमा पनि त्यस्तै झडप भएका थिए।

यस्तै, साउन ४ मा सिरहा जिल्ला कारागारमा पनि कैदीबन्दीबीच झडप हुँदा १३ जना घाइते भएका थिए। त्यहाँको क्षमता १५० भए पनि ४५७ कैदी छन्। झडपको मुख्य कारण कारागारभित्र आन्तरिक प्रशासनको नाइके तोक्ने विषयमा विवाद रहेको बताइन्छ। देशकै सबैभन्दा पुरानो र ठूलो कारागार मानिने केन्द्रीय कारागार सुन्धारामा समेत कैदीबन्दीका समूहहरूबीच झडप हुने गरेको छ। २०८१ साउन १६ मा खोटाङ



- **क्षमताभन्दा बढी कैदीबन्दी राखिँदा व्यवस्थापनमा संकट**
- **धेरै कैदीबन्दी भएका जेलमा बारम्बार हिंसात्मक झडप र विवाद**
- **कमजोर सुरक्षा, भौतिक संरचनासँगै सुविधा पर्याप्त नहुनु पनि प्रमुख समस्या**

कारागारमा भएको झडपमा नाइके र कैदी दुवै घाइते भएका थिए भने २०८० पुस १५ मा बाँकेको बालसुधार गृहमा पनि दुई समूहबीच हिंसात्मक झडप भएको थियो।

महान्यायाधिवक्ता कार्यालयले पाँच वर्षअघि प्रकाशित ‘हिरासत तथा कारागार अनुगमन प्रतिवेदन २०७६’ मा देशभरका ३७ हिरासत र २४ कारागारहरूको अध्ययन गरेर कारागारहरूमा क्षमताभन्दा धेरै थुनुवाहरू राखिने, भौतिक संरचना कमजोर हुने, खाट र उपचारको अभाव हुने लगायत धेरै समस्याहरू देखाएको थियो। त्यतिबेला सरकारलाई यी समस्याको जानकारी दिए पनि खासै प्रभावकारी सुधार भएका देखिँदैन।

प्रतिवेदनमा उल्लेख छ कि धेरै कारागारमा दैनिक सात सय ग्राम चामल र ६० रुपैयाँ ज्याला पर्याप्त नहुने, कैदीहरूको जरिवाना कटौती रकम पनि कम हुने हुँदा उनीहरूको आधारभूत आवश्यकता पुरा गर्न कठिनाइ छ। त्यस्तै, कैदीलाई औपचारिक शिक्षा, साक्षरता र सीप विकास कार्यक्रम नहुँदा पुनर्संयोजनको अवसर कट्दै गएको छ।

**बाँकी पृष्ठ २ मा...**

## ४० घण्टापछि सुरक्षाकर्मी बल्ल पाए भित्र पस्न

**निराजन परियार**
**कैलाली, साउन २५**

कैलाली कारागारमा हिंसात्मक झडपको ४० घण्टापछि सुरक्षाकर्मी भित्र पसेका छन्। आइतबार दिउँसो मात्रै कैदीबन्दीले प्रहरीलाई भित्र पस्न दिएका हुन्।

गत शुक्रबार राति भएको हिंसात्मक झडपपछि शनिबार कैदीबन्दीले घाइतेलाई उपचारका लागि बाहिर निकाले पनि प्रहरीलाई भित्र पस्न दिएका थिएनन्। कारागार प्रशासनका अनुसार सुरक्षाकर्मीले भित्रको अवस्था अवलोकन र कैदीबन्दीको संख्या गणना गरेका छन्। भित्र हिंसात्मक झडपको खबर पाएदेखि आत्तिएका कैदीबन्दीका आफन्त शनिबार नै बाहिर भेला भएका थिए। आइतबार मात्रै उनीहरूले पनि भेटघाटको मौका पाएका छन्।

कैलालीको गौरीगंगा चौमालाकी बिरमा बुढाका छोरा कारागारमा छन्। भित्र झडप भएको सुनेर उनी चिन्तित थिइन्। छोरा सकुशल रहेको जानकारी पाएपछि बल्ल ढुक्क भएको उनले बताइन्।

शुक्रबार राति ब्लक ‘ए’मा रहेको समूहले भित्ता फुटाएर ब्लक ‘बी’ मा रहेकाहरूमाथि आक्रमण गरेका थिए। घटनामा सख्त घाइते धनगढी-४ का भरत चौधरीको मृत्यु भएको थियो। घाइतेमध्ये गोदावरीका आयुश भट्टलाई उपचारार्थ काठमाडौं लगिएको छ।

यसैबीच कैदीबन्दीको संख्या पुनः गणना गरिएको कारागार प्रशासनले जनाएको छ। मानवअधिकार आयोगका प्रतिनिधिसँगै कारागार प्रशासन, नेपाल प्रहरी, सशस्त्र प्रहरी भित्र पसेर कैदीबन्दीको संख्या यकिन गरिएको हो।

गणनाअनुसार पुरुष राखिएका ब्लक ‘ए’मा ३९६, ‘बी’मा १९८ र महिला ब्लकमा ५७ जना छन्। शनिबारको आक्रमणमा घाइते भएकाहरूको संख्या ४८ रहेको कारागार प्रशासनले जनाएको छ।

शनिबार एक जनाको मृत्यु भएको समेत गरी कारागारमा ७०० जना कैदीबन्दी थिए। आइतबार गणना गर्दा संख्यामा तलमाथि नदेखिएको पाइएको छ।


**यो अंकमा**



**‘नीतिगत स्थिरता भए अटो उद्योगले फड्को मार्छ’**
*व्यापारीले केवल गाडी बेच्ने मात्र होइन त्यसको व्यवस्थापनमा पनि ध्यान दिनुपर्छ भन्ने मान्यता हामी राख्छौं।*
*(नाइमा अध्यक्ष रितु सिंह वैद्यको अन्तर्वार्ता)*

- **राष्ट्रिय क्रिकेट टोलीका लागि आयो नयाँ जर्सी**
- **रकम अपचलन आरोपमा महालक्ष्मी बैंकका चार कर्मचारी पक्राउ**
- **अचानक जब ३.६ अर्ब डलर टुहुरो भयो...**


# बिरालोसँग ‘क्वालिटी टाइम’ बिताउने नयाँ ठेगाना

**ममुन केसी**
**काठमाडौं, साउन २५**

मध्यबानेश्वरमा एउटा अनौठो र मनमोहक क्याफे सञ्चालनमा छ - क्याट क्याफे। बिरालो मन पराउनेका लागि यो स्थान केवल खानपानको गन्तव्यमात्र होइन, बरु ‘क्वालिटी टाइम’ बिताउने र मायालाग्दा पाल्तु जनावरहरूसँग नजिकिने अवसर हो।

क्याट क्याफेको सुरुवात रोहन पाण्डे र आकृति श्रेष्ठले गरेका हुन्। यो दम्पतीले एक वर्षअघि झम्सिखेलमा सुरु गरेको क्याफे अहिले मध्यबानेश्वरमा सारिएको हो। क्याफेमा पर्सियन जातका १७ वटा आकर्षक बिराला छन्, जसका लागि खेल्ने, बस्ने र खाने छुट्टै स्थान बनाइएको छ। ग्राहकहरू बिरालोसँग खेल्दै खाजा खान सकून् भन्ने उद्देश्यले वातावरणलाई विशेष र आरामदायी बनाइएको छ।



नेपाल फोटो लाइब्रेरी

आगन्तुकले बिरालो राखिएको क्षेत्रमा प्रवेश गर्नुअघि केही नियमहरू पालना गर्नुपर्छ– आफ्ना जुत्ता खोलेर क्याफेमा राखिएका मेडिकेटेड जुत्ता लगाउने र हात सेनिटाइज गर्ने। यसले बाहिरी फोहोरबाट बिरालोमा रोग सर्ने सम्भावना घटाउँछ। प्रवेश शुल्क प्रतिव्यक्ति ५०० रुपैयाँ तोकिएको छ, जसमा एक प्लेट खाजा र एक बोतल कोल्ड ड्रिंक्स् निःशुल्क पाइन्छ। बिरालोलाई खाना खुवाउन चाहने ग्राहकहरूले त्यहीं बिक्रीमा राखिएका विशेष खाना पनि खरिद गर्न सक्छन्। बिरालो नभएको क्षेत्रमा भने बिना अतिरिक्त शुल्क सुलभ मूल्यमा खाना खान सकिन्छ। क्याफेमा अहिलेसम्म ग्राहकहरूको राम्रो प्रतिक्रिया आएको छ। आकृतिका भाइ आर्यन भन्छन् ‘धेरै ग्राहकको फुटफल राम्रै छ।

**बाँकी पृष्ठ २ मा...**

## दिदीभाइको शव झिकियो

काठमाडौं। खोटाङको दिप्रुङ-३ छोरम्बुमा मृत फेला परेर सद्गत गरिएको भनिएका दिदीभाइ मेनिषा (११) र मेगराज बस्नेत (६) को शव आइतबार प्रहरीले निकालेको छ। गत बिहीबार राति भीरबाट लडेर मृत भेटिएका उनीहरूलाई भोलिपल्ट परिवार र गाउँलेले गाडेका थिए। कानुनी प्रक्रिया नपुर्‍याई गाडिएको भन्दै प्रहरीले घटना अनुसन्धानका लागि शव झिकेर शव पोष्टमार्टमका लागि जिल्ला अस्पताल पठाएको छ।






**घिन्ताङघिसीको रमझम** : भक्तपुरमा आइतबार गाईजात्रामा नाच्दै युवा। यहाँ हरिया बाँसका चार टुक्रालाई आयातकार आकार दिई कपडाले बाँधेर त्यसमा गाई र मृत सदस्यको तस्बिर राखी छाता ओढाएर तहामचा निकालिने गरिन्छ। तहामचालाई नगर परिक्रमा गराउने क्रममा घिन्ताङघिसी नाच देखाउने गरिन्छ। घिन्ताङघिसी नाच गाईजात्रा पर्वको मुख्य आकर्षण हो। बालबालिकादेखि वृद्धसम्म आपसमा लठ्ठी ठोकाएर घिन्ताङघिसी नाचमा रमाउने गर्दछन्। भक्तपुर नगर क्षेत्रमा गाईजात्रा अवलोकन गर्न दर्शकको उल्लेख्य भीड लाग्ने गर्दछ।

*तस्बिर : नेपाल फोटो लाइब्रेरी*

# भूमि विधेयकका संशोधित दफा पढ्न सांसदलाई दुई दिन

काठमाडौं। सांसदहरूले भूमि विधेयकका केही दफा स्पष्ट नभएको भनेपछि थप अध्ययनका लागि दुई दिनको पाएका छन्। प्रतिनिधि सभाको कृषि, सहकारी तथा प्राकृतिक स्रोत समितिको आइतबारको बैठकले केही बुँदामा स्पष्ट हुन सांसदहरूले अध्ययनको समय माग गरेपछि समय दिइएको सभापति कुसुमदेवी थापाले बताइन्।

यसअघिको बैठकमा दफा १२ (छ) को स्थानमा अर्को व्यवस्था गर्न भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय र कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयलाई जिम्मेवारी दिएकामा आइतबार बिहानमात्र संशोधित बुँदा समितिमा प्राप्त भएको थियो। समितिको बैठक बस्नु केही समयअघि मात्र प्राप्त भएको संशोधित बुँदा प्रष्ट नभएको भन्दै समय माग गरिएको जनाइएको छ।

हतारमा दफामा गरिएको संशोधनसम्बन्धी व्यवस्था पारित गर्दा निजामती विधेयकमा 'कुलिङ अफ पिरियड' मा जस्तै हुनसक्ने भएकाले नयाँ व्यवस्थाबारे मिहीन अध्ययन गरेर मात्र अघि बढ्नुपर्ने सहमति भएको थियो।

बैठकमा भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारणमन्त्री बलराम अधिकारीले आरक्षबाट विस्थापित भएकालाई जग्गा दिने गरी कानून बनाउनुपर्ने बताए। जग्गा आरक्ष वा राष्ट्रिय निकुञ्जमा परेका तर हालसम्म केही नपाएका पीडितलाई जग्गा व्यवस्थापन गर्ने विधेयकमा व्यवस्था गरिएको जानकारी उनले समितिलाई दिए।

शुक्लाफाँटा राष्ट्रिय निकुञ्ज र कोशीटप्पु वन्यजन्तु आरक्षबाट विस्थापित भएका धेरै परिवारले जग्गा नपाएको



गुनासो मन्त्रालयमा आएकाले त्यस विषयलाई विधेयकले सम्बोधन गर्ने मन्त्री अधिकारीको भनाइ थियो।

वन तथा वातावरणमन्त्री ऐनबहादुर शाही ठकुरीले शुक्लाफाँटा राष्ट्रिय निकुञ्जबाट सयौं जना विस्थापित भएका र उनीहरूले हालसम्म जग्गा प्राप्त गर्न

## विस्थापितलाई जग्गा व्यवस्थापनसम्बन्धी व्यवस्था विधेयकमा समावेश गर्ने प्रतिबद्धता

नसकेको गुनासो गरेकाले विधेयकमार्फत त्यसलाई सम्बोधन गर्नेगरी व्यवस्था गरिनुपर्ने बताए। समिति सभापति थापाले आरक्ष र राष्ट्रिय निकुञ्ज पीडितका विषयमा पटक-पटक छलफल भएकाले यो समस्या समाधान हुनेगरी विधेयकले व्यवस्था गर्ने प्रतिबद्धता जनाइन्।

बैठकमा सांसदहरू वीरबहादुर बलायर, भानुभक्त जोशी, अशोककुमार चौधरी, बिजुला रायमाझी, शान्ति विक, प्रतिमा गौतम, सरस्वती सुब्बा, सूर्यप्रसाद ढकालगायतले संशोधन गरिएको बुँदा स्पष्ट नभएको, घुमाउरो भाषाको प्रयोग गरेर दुई खालको अर्थ लगाउन सकिने भएकाले त्यसलाई प्रस्ट पारिनुपर्ने बताएका थिए।

बैठकमा भूमि व्यवस्था मन्त्रालयका सचिव केदारनाथ शर्मा, कानून मन्त्रालयका सहसचिव मानबहादुर अर्याल र समिति सचिव शिवदत्त बरालगायतले सांसदको भनाइअनुसार नै दफा संशोधनको प्रस्ताव गरिएको, प्रस्तावलाई अन्तिम रूप दिने काम सांसद र संसदीय समितिको नै भएकाले त्यसैअनुसार बनाइनुपर्ने भनाइ राखेका थिए। *रासस*

# राष्ट्रिय क्रिकेट टोलीका लागि आयो नयाँ जर्सी

news24

**काठमाडौं, साउन २५**

नेपाली राष्ट्रिय क्रिकेट टोलीको नयाँ जर्सी आइतबार सार्वजनिक गरिएको छ। यसपटक टोलीको जर्सीलाई आगामी एक वर्षका लागि नासा सेक्युरिटिजले प्रायोजन गरेको छ। राष्ट्रिय खेलकुद परिषद् (राखेप) का सदस्य सचिव टंकलाल घिसिङ र नेपाल क्रिकेट संघका अध्यक्ष चतुरबहादुर चन्दले जर्सी अनावरण गरेका हुन्।

कार्यक्रममा क्यानका अध्यक्ष चन्द र नासा सेक्युरिटीजका निर्देशक मदन पौडेलबीच जर्सी प्रायोजन सम्झौतामा हस्ताक्षर भएको छ। यसअघि नेपाली टोलीको जर्सी प्रायोजकमा स्पोर्ट्स ब्रान्ड केल्मी थियो। नयाँ जर्सीमा क्यान र नासा सेक्युरिटीज दुवैको लोगो राखिएको छ।

**टप एन्ड टी-२० सिरिजका लागि बिदाइ**

नेपाली राष्ट्रिय क्रिकेट टोलीलाई अस्ट्रेलियामा अगस्ट १४-२४ हुने टप एन्ड टी-२० सिरिजका लागि औपचारिक बिदाइ गरिएको छ। कार्यक्रमकै क्रममा बिदाइ गरिएको हो। क्यानले यसअघि नै रोहित पौडेलको कप्तानीमा १६ सदस्यीय टोली घोषणा गरिसकेको छ।

अस्ट्रेलियाको नर्दन टेरिटरीमा हुने यस सिरिजमा ११ टोलीको सहभागिता रहनेछ। नेपालले पहिलो खेल अगस्ट १५ मा स्ट्राइकविरुद्ध खेल्दै अभियान सुरु गर्नेछ। टप एन्ड टी-२० सिरिजमा अस्ट्रेलियाका घरेलु टिमसँगै विभिन्न देशका राष्ट्रिय टोली र क्लब टोलीहरू सहभागी हुने गरेका छन्।

यो सिरिजलाई नेपालले आगामी अक्टोबरमा हुने आईसीसी टी-२० विश्वकप एसिया तथा इस्ट एसिया प्यासिफिक छनोट प्रतियोगिताको तयारीको रूपमा लिएको छ। यसअघि नेपालले घरेलु मैदानमा भएका केही अन्तर्राष्ट्रिय खेलमार्फत तयारी अघि बढाएको भए पनि अस्ट्रेलियाको यो टुर्नामेन्टलाई महत्त्वपूर्ण अभ्यासको अवसरका रूपमा हेरिएको छ।

नेपाली टोलीका कप्तान रोहित पौडेलले सिरिजमा सम्भावित सबै खेलाडीलाई अवसर दिने र टोलीको सन्तुलन परीक्षण गर्ने योजना रहेको बताएका छन्। प्रशिक्षक मोन्टी देसाईले पनि विदेशी कन्डिसनमा खेल्ने अनुभव टोलीको मानसिक र प्राविधिक दुवै पक्षमा सुधार ल्याउने विश्वास व्यक्त गरेका छन्।




काठमाडौंमा आइतबार नेपाली राष्ट्रिय क्रिकेट टोलीको नयाँ जर्सी सार्वजनिक गर्दै राष्ट्रिय खेलकुद परिषद् (राखेप) का सदस्य सचिव टंकलाल घिसिङ र नेपाल क्रिकेट संघका अध्यक्ष चतुरबहादुर चन्द।

*तस्बिर : नेपाल फोटो लाइब्रेरी*

# रकम अपचलन आरोपमा महालक्ष्मी बैंकका चार कर्मचारी पक्राउ

खलंगा (दार्चुला)। दुई करोड रुपैयाँभन्दा बढी रकम अपचलन गरेको अभियोगमा दार्चुलाको शैल्यशिखर नगरपालिका-९ स्थित महालक्ष्मी विकास बैंकका चार कर्मचारी पक्राउ परेका छन्।

पक्राउ पर्नेमा उक्त बैंकका शाखा प्रबन्धक सागर शाही, निर्मला साउद, धनन्जय पन्त र अम्बादत्त पन्त छन्। बैंकले दिएको उजुरीको आधारमा उनीहरूलाई पक्राउ गरिएको जिल्ला प्रहरी कार्यालयका डीएसपी प्रकाश दाहालले बताए। उनका अनुसार उनीहरूमाथि अदालतबाट ७ दिनको म्याद थप गरी अनुसन्धान भइरहेको छ।

चारै कर्मचारीको मिलेमतोमा उक्त शाखाको रु दुई करोड ८४ लाख ७६ हजार सात सय अपचलन भएको पाइएको थियो। उक्त रकम अपचलन भएको पाइएपछि महालक्ष्मी विकास बैंकको केन्द्रीय कार्यालयको टोली गत बिहीबार गोकुलेश्वर पुगेको थियो। बैंकले गरेको प्रारम्भिक अनुसन्धानबाट बैंकका कर्मचारीले नेपालमा प्रतिबन्धित अनलाइन जुवा प्लेटफर्म वान एक्स बेटमा बैंकको पैसा लगाएको खुलेको थियो। चारै जनाको मिलोमतोमा रकम अपचलन भएको पाइएपछि बैंकले उनीहरूलाई निलम्बन गरेको छ।

उनीहरूले बैंकको मूल खातामा भल्ट रकम मौज्दात देखाएर गैरकानुनी तरिकाले हिनामिना गरेको पाइएको छ। यसरी बैंकको रकम अवैध जुवामार्फत अपचलन गरेको पाइएपछि बैंकिङ कसुरमा चारै कर्मचारीलाई पक्राउ गरिएको डीएसपी दाहालले बताए। बैंकले हेमराज जोशीलाई शाखा प्रबन्धकको जिम्मेवारी दिएर शाखा सञ्चालन गरिरहेको छ।

*रासस*

# शवको हड्डी झिक्ने दुई पक्राउ

काठमाडौं। पशुपतिनाथस्थित शवदाह क्षेत्र आर्यघाटमा जल्दै गरेको शवबाट हाड निकालेर अरुलाई दिएको अभियोगमा प्रहरीले दुई जनालाई पक्राउ गरेको छ। पक्राउ पर्नेमा शव जलाउने कार्यमा संलग्न गणेश ढकाल र उनका सहयोगी रहेको जिल्ला प्रहरी परिसर काठमाडौंका प्रवक्ता एसपी कुलदीप चन्दले बताए। उनीहरुले जल्दै गरेको शवको हड्डी झिकेर बेचेको आरोप छ। परिवारकै सदस्यहरुको जाहेरीमा दुवैलाई प्रहरीले नियन्त्रणमा लिएको हो।

'शुक्रबार काभ्रेपलाञ्चोकको बनेपा-९ का राम शाही नाम गरेका मृतकको शवबाट हड्डी निकालेर अन्य व्यक्ति (तान्त्रिक)लाई दिएको मृतकका परिवारले आरोपसहितको सूचना प्रहरीलाई दिएपछि दुवै जनालाई नियन्त्रणमा लिएका हौं,' उनले भने। नियन्त्रणमा लिइएका दुवै जनालाई प्रहरी वृत्त गौशलामा राखेर आवश्यक अनुसन्धान भइरहेको छ।

# बिरालोसँग 'क्वालिटी टाइम'



विशेषगरी युवायुवती र बालबालिकासहितका अभिभावकहरू नियमित रूपमा आउनुहुन्छ।' हाल आकृति दम्पती अष्ट्रेलियामा छन्, क्याफेको व्यवस्थापन आमा सुनिता लाकौल र भाइ आर्यनले हेरिरहेका छन्।

यो क्याफे केवल मनोरञ्जनको स्थान मात्र नभई सामाजिक सन्देश दिने प्रयास पनि हो। नेपाली समाजमा बिरालोलाई अशुभ मान्ने अन्धविश्वास तोड्ने उद्देश्यले यसको सुरुवात गरिएको हो। आमा सुनिताको भनाइमा, 'बिरालोलाई अलच्छिन ठान्ने गलत धारणा हटाउन र यसलाई माया र मित्रताको प्रतीकका रूपमा बुझाउन क्याफे खोलिएको हो।'

क्याफेमा रहेका सबै बिरालो थाइल्यान्डबाट ल्याइएका हुन्। प्रत्येकको मूल्य ५० हजार रुपैयाँभन्दा माथि छ। बिरालोको स्याहारका लागि छुट्टै कर्मचारी राखिएको छ, जसको जिम्मेवारीमा खुवाउने, नुहाउने र स्वास्थ्य हेरचाह गर्ने काम पर्छ। बिरामी बिरालोलाई छुट्टै राखेर उपचार गर्ने व्यवस्था पनि छ।

बिरालो प्रेमीहरूका लागि यो क्याफेमा अर्को विशेष सुविधा हो–बिरालो होस्टेल। यदि, मालिक लामो समयका लागि बाहिर जानुपर्ने भएमा यहाँ प्रतिदिन १५ सय रुपैयाँमा बिरालोलाई राख्न सकिन्छ। एकैपटक ६ वटा बिरालोलाई होस्टेल सेवा दिन सकिने व्यवस्था छ।

हाल क्याफेमा १२ जनाले रोजगारी पाएका छन्। बिहान ७ बजेदेखि राति १२ बजेसम्म सञ्चालन हुने क्याफेको मुख्य आम्दानी भने खानाका परिकारहरूको बिक्रीबाट हुन्छ। तर, ग्राहकलाई तान्ने प्रमुख आकर्षण भनेका खेलौनाजस्ता प्यारा बिरालोहरू नै हुन्।

# कैलाली झडपले...

कारागार व्यवस्थापन विभागका सूचना अधिकारी सन्देशप्रसाद जोशीले पनि कैदी अधिकताको विषयमा 'वैज्ञानिक मापदण्ड नहुँदा समस्या हुने गरेको' स्वीकारेका छन्। पुराना कारागारहरूमा क्षमता बढाउँदै लगिएको भए पनि मानवीय आवश्यकताको न्यूनतम मापदण्ड पूरा हुने गरी व्यवस्थापनको कठिनाइ रहेको उनले बताए।

कति जनाको क्षमता भन्ने वैज्ञानिक मापदण्ड निर्क्यौल नभएको जोशी बताउँछन्। 'कारागारहरू पुराना हुन्। बीचमा क्षमता बढाउँदै गएको हो,' उनी भन्छन्, 'हरेक कारागारमा न्यूनतम रुपमा बस्ने, खाने, सुत्नका लागि व्यवस्था छ। न्यूनतम मानवअधिकारको व्यवस्था पूरा गरिएका छन्।' कुन कारागारमा कति क्षमता भन्ने बारेमा वैज्ञानिक आधार र मापदण्ड भने सरकारले बनाउन नसकेको उनको भनाइ छ। कैलालीको घटनाबारे अनुसन्धानपछि धारणा सार्वजनिक गर्ने जोशीले बताए। कारागारहरूमा झडप, असुरक्षा बहसको विषय भएकाले यसलाई अध्ययन गर्नुपर्ने उनको भनाइ छ।

देशभर ७४ वटा कारागार छन्, जसमा हाल २८ हजार ७१८ कैदीबन्दी छन्। तीमध्ये १५ सय ५० महिला छन् भने विदेशी कैदीबन्दीमध्ये अधिकांश भारतीय नागरिक छन्। सबैभन्दा धेरै कैदी काठमाडौंको जगन्नाथदेवल कारागारमा छन्, जहाँ १५ सय क्षमतामा ३७ सय ७१ कैदी छन्। दोस्रो ठूलो सुनसरीको झुम्का कारागारमा पनि १६ सय क्षमतामा १७ सय ९७ कैदीबन्दी राखिएका छन्।

अन्य उदाहरणहरूमा झापामा ७९० जनाको क्षमतामा १५ सय ७०, पर्सा १३ सय ३० जनाको क्षमतामा १३ सय १०, ललितपुरको नख्खु ७०० जनाको क्षमतामा १२ सय ९२, विराटनगरको मोरङ कारागार ४ सय ७५ जनाको क्षमतामा ११ सय ७, बाँके ३०० को क्षमतामा ७ सय ३१ कैदी, नुवाकोटमा ७२९ जना छन् भने ६ सय ४० क्षमताको कास्कीमा ६९५ कैदीबन्दी राखिएका छन्।

| नाम | क्षमता | हालको संख्या |
|---|---|---|
| काठमाडौं, जगन्नाथदेवल | १५०० | ३७७१ |
| सुनसरी झुम्का | १६०० | १७९७ |
| झापा | ७९० | १५७० |
| पर्सा | १३३० | १३०९ |
| ललितपुर नख्खु | ७०० | १२९२ |
| मोरङ, विराटनगर | ४७५ | ११०७ |
| भीमफेदी मकवानपुर | ११५० | १०३० |
| बाँके | ३०० | ७३१ |
| नुवाकोट | - | ७२९ |
| कास्की | ६४० | ६९५ |

अधिकारीहरूका अनुसार, क्षमताभन्दा बढी कैदीबन्दी हुँदा झडप, आन्तरिक विवाद र सुरक्षामा समस्या स्वाभाविक बढ्छ। कारागारमा कैदी र थुनुवालाई अलग गर्ने, कम उमेरका कैदीलाई छुट्टै राख्ने व्यवस्था नहुँदा पनि समस्या झन् जटिल हुने गरेको छ।

मुलुकी अपराध संहिताले केही अपराधमा आजीवन कारावासको व्यवस्था गरेकाले ती कैदीलाई छुट्टै संरचना वा विशेष कक्ष बनाउनुपर्ने आवश्यकता छ। तर हाल अधिकांश कारागारमा त्यो व्यवस्था छैन।

कारागार व्यवस्थापन विभाग र महान्यायाधिवक्ता कार्यालयले नियमित रूपमा कारागार निरीक्षण र सुझाव दिने गरेको भए पनि सरकारको तर्फबाट ती सुझावहरू कार्यान्वयनमा ल्याउन कमजोरी देखिएको छ। यसले कैदीहरूको मानवअधिकार र सुरक्षामा जोखिम निम्त्याइरहेको छ।

कारागारहरूलाई सवारीसाधनको अभावका कारण कैदीलाई उपचार र अदालत उपस्थितिमा लैजान समेत समस्या छ। यो कुराले समयमै न्यायिक प्रक्रिया र स्वास्थ्य सेवामा अवरोध पुऱ्याएको छ।

## के गर्नुपर्छ ?

- नयाँ र आधुनिक भवन निर्माण गरी पुराना र क्षमताभन्दा बढी प्रयोगमा रहेका कारागारहरूमा लोड घटाउन आवश्यक छ।
- कैदीको उमेर, अपराधको प्रकृति र सुरक्षा संवेदनशीलता अनुसार वर्गीकरण गरी अलग कक्ष वा सुविधा उपलब्ध गराउनुपर्छ।
- कैदीहरूको खाद्यान्न, स्वास्थ्य, शिक्षा र रोजगारका अवसरहरू सुनिश्चित गरी पुनर्संयोजन (रिह्याबिलिटेसन) को कामलाई प्राथमिकता दिनुपर्छ।
- सरकारले महान्यायाधिवक्ता र कारागार व्यवस्थापन विभागले दिएका सुझावलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्नुपर्छ।
- कैदीबन्दीको संख्या नियन्त्रणका लागि वैकल्पिक सजायका उपायहरू (जस्तै सजाय परिपालना केन्द्र, म्याद थप नगर्ने)लाई प्रवर्धन गर्नुपर्छ।

## आजको राशिफल

**मेष** आज कार्यक्षेत्रमा नयाँ अवसरहरू देखा पर्न सक्छन्। अधुरा कामहरू पूरा गर्ने ऊर्जा मिल्नेछ। यात्रामा लाभ हुने संकेत छ, तर खर्च पनि बढ्न सक्छ।

**वृष** धेरै दिनदेखि रोकिएका आर्थिक काम अघि बढ्ने सम्भावना छ। परिवारसँग समय बिताउँदा आत्मिक सन्तुष्टि मिल्नेछ। स्वास्थ्यमा सामान्य समस्या देखिन सक्छ।

**मिथुन** साझेदारीमा गरिएका काम लाभदायक हुनेछन्। प्रेम सम्बन्धमा प्रगाढता आउनेछ। सामाजिक प्रतिष्ठा बढ्ने सम्भावना छ। व्यर्थको विवादबाट टाढा रहनु उचित हुनेछ।

**कर्कट** कामप्रति समर्पण बढ्नेछ। आम्दानीका नयाँ स्रोत भेटिने योग छ। तर, वाणीमा संयम राख्नुपर्ने समय छ। परिवारमा सानो मनमुटाव हुन सक्छ।

**सिंह** पढाइ वा प्रशिक्षणमा उत्कृष्ट नतिजा आउनेछ। सीप देखाउने अवसर मिल्नेछ। रमाइलो यात्राको सम्भावना छ। अनावश्यक खर्च हुन सक्छ।

**कन्या** आर्थिक लाभका लागि राम्रो समय छ। जमिन-जायदाद सम्बन्धी काममा प्रगति हुनेछ। नजिकको व्यक्तिबाट सहयोग प्राप्त हुनेछ, तर पुराना रोगले सताउन सक्छ।

**तुला** मानसिक स्वास्थ्यको ध्यान राख्नुपर्ने समय छ। व्यापारमा राम्रो आम्दानीको योग छ। वैवाहिक सम्बन्धमा मिठास आउनेछ। मित्रहरूसँग रमाइलो समय बित्नेछ।

**वृश्चिक** पेसागत क्षेत्रमा उन्नति हुने दिन हो। लापरबाही नगरेमा आर्थिक लाभ पाउने मौका छ। स्वास्थ्यमा सुधार आउनेछ। तर, यात्रामा सावधानी अपनाउनुहोस्।

**धनु** विद्यार्थी वा अनुसन्धानकर्ताका लागि राम्रो दिन। धार्मिक वा समाजसेवामा समय दिने मौका मिल्नेछ। प्रेम सम्बन्धमा सकारात्मक मोड आउने सम्भावना छ।

**मकर** घरायसी काममा व्यस्त रहनु पर्नेछ। आर्थिक हिसाबमा मध्यम दिन हुनेछ। पुराना मित्रसँग पुनः सम्पर्क हुने योग छ। खुसीको समाचार सुन्न पाइन सक्छ।

**कुम्भ** विचार राख्दा अरूले समर्थन गर्नेछन्। व्यापार-व्यवसायमा राम्रो लाभ हुनेछ। लामो समयदेखि अड्किएको काम पूरा हुने संकेत छ।

**मीन** खुसी रहने दिन छ। नयाँ योजना बनाउन उपयुक्त समय हो। परिवारसँगको सम्बन्ध बलियो बन्नेछ। तर, खर्च नियन्त्रण गर्न' राम्रो हुन्छ।

# मेयर–उपमेयर विवादले मधेशका २० पालिकाको बजेट अझैं अन्योलमा

**किरण कर्ण**
**जनकपुरधाम, साउन २५**

मधेश प्रदेशका १ सय ३६ वटा पालिकामध्ये २० स्थानीय तहको बजेट र नीति तथा कार्यक्रम अझैं अन्योलमा छ । अधिकांश पालिकामा मेयर-उपमेयर बीचको द्वन्द्व र राजनीतिक स्वार्थ लगायतका कारणले निर्धारित समयमा बजेट ल्याउन सकेका छैनन् ।

धनुषाको १८ स्थानीय तहमध्ये सातवटा पालिकाले अझै बजेट र नीति तथा कार्यक्रम ल्याउन सकेका छैनन् । प्रमुख र उपप्रमुख विवादले धनुषाको धनौजी गाउँपालिका, मिथिला नगरपालिका, क्षिरेश्वरनाथ नगरपालिका, नगराइन नगरपालिका, कमला नगरपालिका, हंसपुर नगरपालिका र औरही गाउँपालिकाले समयमा बजेट ल्याउन सकेनन् ।

त्यस्तै, महोत्तरीका १५ वटा स्थानीय तहमध्ये जलेश्वर नगरपालिका बाहेक अन्य १४ वटा पालिकाले बजेट र नीति तथा कार्यक्रम सार्वजनिक गरिसकेका छन् । जलेश्वर नगरपालिकामा पनि मेयर र उपमेयरबीचको शक्ति संघर्षले नगरसभा रोकिएको छ ।

मधेश प्रदेशको सिरहाका १७ स्थानीय तहमध्ये १६ वटा स्थानीय तहले बजेट र नीति तथा कार्यक्रम ल्याएका छन् । मेयरले समय नदिँदा सिरहा नगरपालिकाको बजेट र नीति तथा कार्यक्रम आउन सकेको छैन ।

बाराको १६ वटा स्थानीय तहमध्ये २ वटा पालिकाले बजेट र नीति तथा कार्यक्रम ल्याएको छैन । जीतपुरसिमरा उपमहानगर र निजगढ नगरपालिकाले मेयर-उपमेयरको विवादका कारण बजेट र नीति तथा कार्यक्रम प्रभावित भएको छ ।

त्यस्तै, सप्तरीका १३ स्थानीय तहले आगामी आर्थिक वर्षका लागि तोकिएको समयभित्र बजेट ल्याएका छैनन् । सप्तरीका ४ पालिकाले अझै नगर-गाउँ सभाका लागि प्रक्रिया नै थालेका छैनन् । ९ वटा स्थानीय तहले नीति तथा कार्यक्रम प्रस्तुत गरेर पनि बजेट ल्याउन सकेका छैनन् ।

त्यस्तै, राजविराज नगरपालिका, डाक्नेश्वरी नगरपालिका र अग्निसाइर कृष्णासवरन गाउँपालिकाको पनि बजेट प्रभावित हुँदै आएको छ ।

अग्निसाइर कृष्णासवरन गाउँपालिकामा गाउँसभा बोलाए पनि सभाका सदस्य नै उपस्थित हुन नचाहेको बताइएको छ। त्यस्तै, खडक नगरपालिका र शम्भुनाथ नगरपालिका तथा तिरहुत, महादेवा, बिष्णुपुर र छिन्नमस्ता गाउँपालिकामा गत साता नै सभा उद्घाटन गरेर नीति तथा कार्यक्रम प्रस्तुत गरे पनि बजेट ल्याउन भने सकेको छैन ।

त्यस्तै, रौतहटको १८ स्थानीय तहमध्ये १३ वटा पालिकाले बजेट र नीति तथा कार्यक्रम ल्याएका छन् । ५ वटा देवाही गोनाही, बृन्दावन, फतुवा बिजयपुर नगरपालिका र यमुनामाई र दुर्गा भगवती गाउँपालिकामा पनि बजेट र नीति तथा कार्यक्रम ल्याउन अन्योल कायमै छ ।

सर्लाहीको २० वटा पालिकामध्ये पर्सा गाउँपालिकाले बजेट विनियोजन गर्न सकेको छैन ।

पर्सा जिल्लाका १४ स्थानीय तहमध्ये चारवटाले बजेट र नीति तथा कार्यक्रम ल्याउन सकेको छैन। पर्साको ठोरी गाउँपालिकाले नीति तथा कार्यक्रम प्रस्तुत गरे पनि बजेट ल्याउन नसकेको अध्यक्ष लालबहादुर श्रेष्ठले जानकारी दिए। त्यस्तै, धोबिनी गाउँपालिकाले बहुमत नपुगेको भन्दै नगरसभा स्थगित गरेको छ। विन्ध्यवासिनी गाउँपालिका र छिपहरमाई गाउँपालिकाले पनि नीति तथा कार्यक्रम र बजेट नल्याउँदा कार्यालयको कामकाजसमेत प्रभावित भएको छ ।

संघीय सरकार र प्रदेश सरकारले बजेट खर्च गरेको अधारमा अनुदान दिने गरेको हुनाले खर्च गर्न नसक्दा विवादित पालिकाहरू कटौतीमा पर्ने र तीनको बजेटको आकार घट्ने देखिन्छ ।

सत्ता गठबन्धन दलकै नेतृत्वमा रहेको कतिपय स्थानीय तहमा अहिलेसम्म नगरसभा हुन सकेको छैन । सत्ता गठबन्धनमा रहेका नेपाली कांग्रेस र नेकपा एमालेको विवादका कारण पनि धनुषाको नगराइन नगरपालिका, क्षीरेश्वरनाथ नगरपालिका र मिथिला नगरपालिकामा निर्धारित समयमा बजेट ल्याउन सकेको छैनन् ।

जनप्रतिनिधिहरू बीचमै रहेको विवाद सुल्झाउन नेपाली कांग्रेस र नेकपा एमालेले स्थानीयस्तरमा गठन गरेको संयन्त्रले समेत काम गर्नुभन्दा आरोप प्रत्यारोपमै व्यस्त हुन थालेका छन् ।

उता लक्ष्मीनिया गाउँपालिकामा रहेको विवाद साम्य भएपछि नीति तथा कार्यक्रम पारित गरेको छ ।

नगराइन नगरपालिकामा कांग्रेसले मेयर जिते पनि त्यहाँ एमालेका जनप्रतिनिधिको अत्यधिक बहुमत छ भने क्षीरेश्वरनाथ नगरपालिकामा एमालेले मेयरमा जिते पनि काँग्रेसको बहुमत छ । यी दुई पालिकामा मेयर र उपमेयर बीचको विवाद पार्टीमा गएपछि समस्या समाधान गर्न तीन/तीन सदस्य रहने गरी समिति गठन गरिएको थियो । उक्त समिति पनि एकले अर्कालाई दोष लगाउन थालेपछि अवस्था लथालिंग छ ।

तर, एमाले धनुषाकी इन्चार्जसमेत रहेकी नेता जुलीकुमारी महतो महासेठले आफूहरू समस्या समाधानका लागि अग्रसर रहे पनि कांग्रेसले जनप्रतिनिधिलाई अपमानित गर्ने र जनताको काम गर्नै नचाहने प्रवृत्ति रहेको आरोप लगाइन् । उता नेपाली कांग्रेस धनुषाका सभापति योगेन्द्र पँजियारले नगराइन नगरपालिकालाई लक्षित गरी एमालेले राजनीतिक गर्न खोज्दा प्रभावित भएको बताए ।

उनले नेता जुली महतोको स्वार्थका कारण नगरसभा हुन नसकेको समेत बताए । मेयर-उपमेयरको टकरावका कारण चालु आर्थिक वर्षको योजना मात्रै प्रभावित भएको छैन, आगामी वर्षको नीति तथा कार्यक्रम र बजेट निर्माणमा समेत ढिलाइ भइरहेको छ ।

# गाँजा र मदिरा तस्करीको केन्द्र बन्दै सप्तरी

**प्रवेशकुमार मिश्र**
**सप्तरी, साउन २५**



भारतसँग खुला सीमा जोडिएको सप्तरी जिल्ला पछिल्लो समय तस्करीको मुख्य केन्द्रका रूपमा चिनिन थालेको छ। विशेष गरी मटर, मरिच, मदिरा, स्याउ, सुपारी र सुनसहितका विभिन्न सामानको अवैध ओसारपसार यहाँका नाकाबाट नियमित भइरहेको देखिन्छ ।

आर्थिक वर्ष २०८१/८२ मा मात्रै जिल्ला प्रहरी कार्यालय, सशस्त्र प्रहरी र राजविराज भन्सार कार्यालयले गरी चार सय ५२ वटा करछलीका मुद्दा दर्ता गरेका छन् । ती मुद्दामार्फत झण्डै पाँच करोड ५७ लाख रुपैयाँ बराबरका सामान जफत गरिएका छन् । सशस्त्र प्रहरीले सबैभन्दा धेरै दुई सय ९१ मुद्दा दर्ता गर्दै दुई करोड ५७ लाख रुपैयाँ बराबरको सामान बरामद गरेको छ भने नेपाल प्रहरीले ६५ मुद्दामा दुई करोड २८ लाख रुपैयाँको अवैध सामग्री नियन्त्रणमा लिएको छ । भन्सारले पनि ९६ वटा मुद्दामा ३१ लाख रुपैयाँ बराबरको सामान बरामद गरेको छ ।

भारतको बिहारमा मदिरा प्रतिबन्ध भएपछि सप्तरी हुँदै भारततर्फ मदिरा तस्करी तीव्र भएको छ। चालु आर्थिक वर्षको पहिलो २४ दिनमै सात वटा मदिरा तस्करीसम्बन्धी मुद्दा दर्ता भएका छन् । जिल्लाको पश्चिमी क्षेत्र टिकुलिया, पथरगाडा, कमलपुरबाट मात्र १५ लाख रुपैयाँभन्दा बढीको मदिरा बरामद भएको छ। साउन १२ गते कमलपुरबाट १२ लाख रुपैयाँ बराबरको मदिरा बरामद गरिएको थियो। सोही क्षेत्रमा गत मंगलबार तस्करी रोक्ने क्रममा प्रहरीले गोली चलाउँदा स्थानीय लालु यादवको मृत्युसमेत भएको थियो। घटनास्थलबाट प्रहरीले ८० कार्टुन मदिरा बरामद गरेको थियो। बनैनियाँ, पातो लगायतका नाकाबाट मदिरा तस्करी बढी हुने गरेको भन्सार कार्यालयका सूचना अधिकारी विजयकुमार साहले जानकारी दिए। खुला सीमाका कारण तस्करी नियन्त्रणमा कठिनाइ भइरहेको भन्दै उनी पूर्ण नियन्त्रणका लागि सबै निकाय प्रयासरत रहेको बताउँछन् ।

सप्तरी हाल गाँजा तस्करीको मुख्य मार्गका रूपमा पनि चिनिएको छ। बेल्ही, पातो, टिकुलिया, बनैनियाँ र कोशी ब्यारेज जस्ता नाकाबाट गाँजा भारत पठाउने प्रवृत्ति बढ्दो छ। गत आर्थिक वर्षमा मात्रै सप्तरी प्रहरीले ६ हजार ६७४ किलो गाँजा नियन्त्रणमा लिएको छ। यसमध्ये सबैभन्दा ठूलो परिमाण फागुन १९ गते राजविराजस्थित एक गोदामबाट बरामद गरिएको थियो, जहाँबाट २,४१९ किलो गाँजा, चाइनिज स्याउ, सुर्ती र प्लम्बिङ सामग्री फेला परेको थियो। यस्तै, गत साउन ४ गते राजगढ गाउँपालिका-३ स्थित रेखाकुमारी मण्डलको घरबाट ३८८ किलो गाँजा शौचालय र बाँसको झाडीमा लुकाएर राखिएको अवस्थामा फेला परेको थियो ।

सदरमुकाममै तस्करीका सामग्री भण्डारण हुँदै आएको खुलासा भएसँगै प्रशासन र सुरक्षा निकायको कमजोरी उजागर भएको छ। घटना भएको महिनौं बितिसक्दा समेत अनुसन्धान सकिएको छैन । प्रहरी स्रोतका अनुसार, सप्तरीमा यति ठूलो मात्रामा गाँजा उत्पादन नहुने भएकाले यो भारत छिराउने ट्रान्जिट प्वाइन्टका रूपमा प्रयोग भइरहेको हो । यद्यपि प्रहरीले तस्करीका सामानहरू सेटिङअनुसार मात्रै समात्ने गरेको आरोप पनि उठ्ने गरेको छ, जसलाई प्रहरीले भने अस्वीकार गर्दै आएको छ ।

# पर्साको ठोरीमा पाटेबाघ मृत भेटियो

**पर्सा, साउन २५–** पर्साको ठोरी गाउँपालिका-४ मालीबस्तीनजिकै भारततर्फ जाने बाटोमा मृत अवस्थामा पाटेबाघ भेटिएको छ । पर्सा प्रहरीका सूचना अधिकारी किशोर लम्सालले आइतबार बिहान ७:३० बजे आसपासमा ठोरीको मालीबस्तीस्थित हुलाकी सडकभन्दा अन्दाजी ५०० मिटर दक्षिणतर्फ पाटेबाघ मृत अवस्थामा भेटिएको जानकारी दिए ।



'ठोरीका स्थानीयले पाटेबाघ मृत अवस्थामा भेटिएको सूचना दिएपछि प्रहरी चौकी विजयबस्तीबाट प्रहरी सहायक निरीक्षक धर्मेन्द्र साहको कमाण्डमा टोली खटिएको छ र अनुसन्धान भइरहेको छ,' उनले बताए । पाटेबाघको मुचुल्का बनाएर शव परीक्षणका लागि आवश्यक अनुसन्धान जारी जानकारी प्राप्त भएको छ ।' *(रासस)*

# पातारासी गाउँपालिकाका २१७ योजना सम्पन्न

**जुम्ला, साउन २५ (रासस)**

पातारासी गाउँपालिकाले गत आर्थिक वर्ष २०८१/८२ मा विभिन्न २१७ वटा विकासे योजना सम्पन्न गरेको छ।

पालिकाभित्रका सातवटा वडामा जम्मा २२६ वटा योजना सम्झौता भएकामा २१७ वटा निर्माण सम्पन्न भएको गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत नवीन शाहीले जानकारी दिए। वडा नं १ मा २४ वटा योजनामध्ये २२ वटा र वडा नं २ मा ४२ योजनामध्ये ४० योजना निर्माण भएका छन् ।

यसैगरी, वडा नं ३ मा ३९ मध्ये ३३ र वडा नं ४ मा ३९ मध्ये ३८ वटा योजना निर्माण सम्पन्न भई सञ्चालनमा आएको प्रमुख प्रशासकीय अधिकृत शाहीको भनाइ छ । यसैगरी, वडा नं ५ मा २९ योजनामध्ये सबै, वडा नं ६ मा ३४ मध्ये ३१ वटा र वडा नं ७ मा २४ योजनामध्ये सबै निर्माण सम्पन्न भई सञ्चालनमा आएको पातारासी गाउँपालिकाले जनाएको छ ।

उक्त योजनाका लागि १५ करोड ७६ लाख २२ हजार रुपैयाँ बजेट खर्च भएको छ। यसरी, वडा तहमा विनियोजन भएको कुल बजेटको ८१ दशमलव १२ प्रतिशत विकास बजेट खर्च भएको गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत शाहीले बताए।

हार्दिक बधाई तथा शुभकामना

नेपाल न्युज पब्लिकेशन्स् प्रा.लि. ले दैनिक पत्रिका

news 24 दैनिक

प्रकाशन प्रारम्भ गरेकोमा पत्रिकाको उत्तरोत्तर प्रगति र पूर्ण सफलताको हार्दिक बधाई तथा शुभकामना व्यक्त गर्दछौं ।

**Rudra Sharma**
Executive Chairman

**Nepal House Group of Companies**

**Nepal House Restaurant Pvt. Ltd.**
(Baluwatar/Hattisar)

**Nepal House Pvt. Ltd.**
Travels & Tours

**Nepal House Pvt. Ltd.**
Trading Company

Email: rudra4848@gmail.com

## सम्पादकीय

# कारागार सुधारको अपेक्षा

*कैलाली जिल्ला कारागारमा शुक्रबार राति दुई समूहबीच झडप हुँदा एक कैदीको मृत्यु र ४७ जना घाइते भएको प्रकरणले नेपालका कारागारका व्यवस्थापकीय क्षमतामाथि फेरि प्रश्न उठेको छ। १ सय ५० कैदी राख्ने क्षमताको कैलाली कारागारमा झन्डै ७ सय कैदी राखिनु नै घटनाको कारक भएको देखिएको छ।*

*यो घटना पहिलो होइन। सरकरको हेलचेक्र्याइँका कारण सुधार गृह र कारागारका यस्ता घटना दोहोरिने गरेका छन्। यसपटकको झडपबाट भूपेन्द्र बडुवाल हत्या प्रकरणमा संलग्न तीन कैदीको सरुवा बेलैमा कार्यान्वयन नहुँदा चुलिएको विवादले द्वन्द्व निम्तिँदा ४० वर्षीय भरत चौधरीको अनाहकमा ज्यान गयो।*

*यसअघि गत असार २८ मा सोही कारागारमा झडप भएको थियो। घटनास्थलको प्राम्भिक निरीक्षणपछि मानवअधिकार आयोगले कारागारमा क्षमताभन्दा बढी कैदी हुनु, अपारदर्शी सरुवा प्रक्रिया र प्रशासनको समन्वय अभावलाई घटनाको कारक भएको ठहर गरेको छ।*

*आयोगले कारागारमा सुरक्षा व्यवस्थामा गम्भीर कमजोरी भएको भन्दै प्रशासनले लापरवाही गरेको निष्कर्ष निकालेको छ। हुनत सत्यतथ्य पत्ता लगाउन गठित पाँच सदस्यीय समितिको प्रतिवेदनमा विस्तृत विवरण आउला नै। तर, लगातारका झडपले कैलाली कारागारलाई संवेदनशील बनाएको छ र सुधारका लागि स्थानीय प्रशासनले तत्काल प्रभावकारी कदम चाल्नुपर्ने देखिएको छ।*

*कारागरभित्रको हिंसा नेपालमा मात्र होइन अन्य धेरै देशमा पनि हुने गरेका छन्। यसको मूल कारण क्षमताभन्दा बढी कैदीबन्दी रहनु, पूर्वाधारहरू कमजोर रहनु नै देखिएको छ। यसका साथै, कारागार व्यवस्थापनमा संलग्न कर्मचारीहरूलाई कारागारभित्रको द्वन्द्व व्यवस्थापनको तालीमको अभाव पनि अर्को कारण हो। विद्यमान समस्यालाई न्यूनीकरण गर्न गर्न‘पर्ने पहिलो काम हो, क्षमताभन्दा बढी कैदी बन्दी कारागारमा नराख्ने; फौजदारी बाहेकका अपराधका दोषीलाई वैकल्पिक सजाय दिने खाकाको पनि विकास गर्न‘पर्ने देखिन्छ।*

*कैदी, बन्दीको वर्गीकरण गर्दै अपराधको प्रकृति, र उनीहरूको व्यवहारको आधारमा कैदीहरूलाई राख्ने व्यवस्था गर्नुपर्ने देखिन्छ। जोखिमको उच्चतामा रहेको कैदीहरूलाई सामान्य कैदीसँग राख्न नहुने तर्फ पनि ख्याल गर्न‘पर्ने देखिन्छ। कैदी पुनर्स्थापनाका विकल्पबारे सोच्दै उनीहरूलाई वैकल्पिक शिक्षा, सिप विकास र योग, ध्यान, नैतिक अध्यात्मिक ज्ञान पनि दिनुपर्छ।*

*हाम्रो कारागार प्रशासनले अहिलेसम्म वास्ता नगरेको विषय, मनोपरामर्श सेवा हो। यदि कैदीबन्दीलाई मनोपरामर्शमा संलग्न गराउँदा उनीहरूको मानसिक स्वास्थ्यमा सुधार आउँछ भन्ने बुझ्नु पर्छ। साथै, कर्मचारीको संख्या थप्ने र तिनलाई द्वन्द्व न्यूनीकरणको तालिम दिनु पनि अत्यावश्यक भइसकेको छ।*

*नेपालले धेरै काममा सकारात्मक सूचक हासिल गरे पनि व्यवस्थापकीय क्षमतामा भने त्यो सूचक हासिल गर्न सकेको छैन। कुनै मानिसले गरेको अपराधबापत कारावासको तोकिएको समय बिताइसकेपछि ऊ अन्य नागरिक सरह बाँच्ने गरी समाजमा फर्किने भएकाले सोही अनुसारको व्यवस्थापन हुनु अनिवार्य छ।*

*कुनै पनि परियोजनाहरू समयमा सम्पन्न गर्न नसक्ने हाम्रो नियति नै भएको छ। यसको जड कुनै पनि परियोजनाको गुरुयोजना नबन्ने र बने पनि त्यसको समयमै सम्पन्न हुन नसक्ने कारक हो। तर राज्यले चाहे कैदी होस्, चाहे सर्र्वसाधारण कसैको पनि ज्यान अनाहकमा जाने नदिने के गर्न‘पर्ने हो त्यो गरेर संविधान प्रदत्त मानवअधिकारको रक्षा गर्न‘पर्नेतर्फ कमद चाल्नु ढिलाइ गर्नुहुँदैन। यो कुरा अरूले भन्दा राष्ट्र र सरकारको नेतृत्व गरिरहनु भएको नेतृत्व जो वर्षौं कारावास बसेर बाहिरिनु भएको छ, उहाँहरूले नै बढी बुझ्नुहुन्छ भन्ने हाम्रो विश्वास छ।*

# प्रधानमन्त्रीको हास्यचेत र मूर्च्छित राजनीति



news 24 दैनिक

**श्रवण शर्मा**



**भूकम्पले घर भत्किँदा पनि मुस्कुराउने नेपालीहरूमा हास्य चेत अधिक छ। प्रधानमन्त्रीमा त्यो चेत अझ अधिक छ। ‘ससुराली जाँदा ठट्टा नगर्नु, माइत जाँदा सत्य नबोल्नु’ भन्ने उखानको अन्तर्य प्रधानमन्त्री ओलीलाई जति अरूलाई के थाहा ? तर, ‘सात बाघमारा’ ठानिएका प्रधानमन्त्री मुसो समातेर ससुरालीको धान जोगाउने ठाउँमा आइपुग्नुभएको चाल पाउँदा आमजन खुसी छैनन्।**

यदि, जहाज ३५ हजार फिटमाथि उडिरहेका बेला जहाजलाई मोड्ने, तलमाथि गर्ने र उडाउने प्रविधिमा गम्भीर खराबी आएको छ भने के हुन्छ ? स्वभाविक छ, सबै यात्री रुन्छन्, चिच्याउँछन्। आफ्नो धार्मिक आस्था अनुसार भगवानको नाम लिन्छन्। परिवार सम्झन्छन्। मृत्यु नामको भयङ्कर दुश्मनको सामना कसले पो गर्न सकेको छ र ? केही सय यात्रु लिएर उड्ने क्याप्टेनले जहाज उडाउनुअघि त्यसको नियन्त्रण संयन्त्र, इन्धन, टायर, ब्रेक लगायतको प्राविधिक पक्षको निरीक्षण गर्दछ। त्यो ठिक अवस्थामा रहेको तय भएपछि उसले उडानको तयारी गर्छ। सो कुरा राजनीतिको सन्दर्भमा हेर्दा दुई करोड ९९ लाख मानिसको भाग्य निर्धारण गर्ने राज्य संयन्त्रलाई उडाउने पाइलटले त्यसको प्राविधिक पक्षको निगरानी गरेका छन् कि छैनन् भन्ने प्रश्न आउँछ। के त्यो यात्रा भरपर्दो छ ? के गन्तव्य सुनिश्चित छ ?

करिब एक लाख मान्छे राजनीतिको छत्रछायामा विचौलियागिरी र ठगीको व्यापारबाट स्वर्गीय आनन्द लिइरहेका छन्। राजनीतिक जहाजसँग उनको कुनै सम्बन्ध छैन। सरोकारवालाहरू भन्छन्, राजनीतिक जहाजका क्याप्टेन र पाइलट जहाज उडाउन पर्याप्त जानकार छन्। यदि त्यसो हो भने त्यसपछि आउने सहायक प्रश्नहरू हुन्- चालु राजनीतिको कुनै गन्तव्य छ ? दिशानिर्देश गर्ने प्राविधिक पक्ष सही छन् ? प्रधानमन्त्री खड्गप्रसाद ओलीले उडाइरहेको राजनीतिक जहाज पनि सुरक्षित गन्तव्यमा पुग्न नसक्ने देखिएको छ।

सरकार पक्षका टिप्पणीकर्ता अनाहकमा धेरै विरोध भइरहेको तर्क पेस गर्छन्। काम नहुनेहरूको काम नै विरोध गर्ने हो, तर हामी त काम गरिरहेका छौं भन्ने भनाइ सरकार सम्बद्ध पक्षको सुनिन्छ। हो, सरकारले काम गरिरहेको छ। तर, सरकारले कुन काम कसरी गरिरहेको छ, त्यो भने कसैले पनि स्पष्ट हुनेगरी भन्न सक्दैनन्। के अहिलेसम्म सरकारले गरेका कामबाट यी यी परिणाम हासिल भए भनेर कसैले देखाएको छ ? अर्कोतिर प्रधानमन्त्री ओलीको भनाइ छ - म १८ घण्टा खटिइरहेको छु।

निश्चय नै उहाँ खटिइरहनु भएको छ, उहाँको खटाइमा शंका गर्ने आधार छैन। तर, उहाँ त्यस्तरी खटिँदा उहाँ निकटका मानिसबाहेक आम मानिसका जीवनमा के परिवर्तन आयो ? जनताको नेताको हिसाबले उहाँले उत्तर दिनुपर्ने मूल प्रश्न यो हो। देखिन्छ के भने, उहाँले चलाएको जहाज यन्त्र काम नलाग्ने गरी बिग्रिएका छन्। उहाँ भने बिग्रिएको जहाज उडाउन बल गरिरहनु भएको छ। उहाँले त जहाज ममर्त गर्नमा ध्यान दिनुपर्ने हो। मर्मत गर्नु भनेको विद्यमान समस्याको निराकरण गर्नु हो। जब समस्या निराकण हुन्छ भने तब स्वतः परिणाम उन्मुख भइन्छ।

सबै कुरा नकारात्मक छन् भन्ने पनि होइन। केही कुरा सकारात्मक पनि छन्। धेरैले के महसुस गरेका छन् भने हलुका टिप्पणी गर्ने र ठट्टा गर्ने प्रधानमन्त्रीको शैली बिछट्टै रमाइलो छ। भूकम्पले चारतले घर भत्किँदा पनि मुस्कुराएर फोटोका लागि पोज दिने नेपालीहरूमा हास्य चेत अधिक छ। त्यस हिसाबले गम्भीर कुरालाई पनि रमाइलोसँग प्रस्तुत गर्ने प्रधानमन्त्री ओलीको स्वभाव लोभलाग्दो छ। ‘ससुराली जाँदा ठट्टा नगर्नु, माइत जाँदा सत्य नबोल्नु’ भन्ने उखान छ। ससुराली जाँदा ठट्टा गरियो भने ज्वाँइको इज्जत जोगिदैन। माइत जाँदा सत्य बोल्दा घरभित्रका सानातिना झगडा भाउजुबुहारिले थाहा पाए चेलीको मान रहँदैन। यस्ता उखानहरूको अन्तर्य प्रधानमन्त्री ओलीलाई जति अरूलाई के थाहा होला ? प्रधानमन्त्री ओली सर्वोच्च कार्यकारी पदमा बहाल हुँदै गर्दा सपनाहरूको बिस्कुन लागेको थियो। अथाहा सपनाहरूको दुहाइ दिएर ओली सत्तामा आउनुभएको थियो। त्यो बेला धेरैलाई लागेको थियो, उहाँमा रहेको तरक्कीको हुटहुटीले धेरै विपन्नहरूलाई सम्पन्न बनाउनमा प्रयोग हुनेछ। आम नेपालीको आशा थियो, क्यान्सर, मुटु वा मिर्गौलाका बिरामीले उपचारको लागि चन्दा उठाउनुपर्दैन। मजदुरहरूले श्रमको न्यूनतम ज्याला पाउनेछन्। सरकारी अस्पतालहरू व्यवस्थित हुनेछन्। प्रधानमन्त्रीले कम्प्युटरबाटै शिलान्यास गर्नुभएको अस्पतालमा अरू सुविधा थपिनेछन्, डाक्टर नर्सहरूको दरवन्दी थपिनेछन्। सार्वजनकि यातायात व्यवस्थित हुनेछन्। कार्यालयहरूमा आमनागरिकका काम बिना ढिलाई, सहजताका साथ सम्पन्न हुनेछन्। आफ्नो काम गराउन जनताले मोलाहिज गर्नुपर्ने छैन।

प्रधानमन्त्रीद्वारा प्रस्तुत नैतिकताको मिसालले भ्रष्टाचार रोकिनेछ र उहाँका सारा प्रयत्नले संविधानमा उल्लेख भए बमोजिमको समाजवाद लागू हुनेछ। देशमा गरिबी हुँदैन र गरिबी नभएपछि गरिब पनि रहने छैनन्। समाजवादले देशमा कलकारखाना खोल्नेछ, बेरोजगारहरूले राजेगारी पाउनेछन्। अनि त साराका सारा नेपाली परिवार लालानपालनमा कुनै समस्या हुने छैन। समाजको तल्लो तहसम्म आर्थिक प्रवाह हुँदा त्यसले आर्थिक चक्र सक्रिय बनाउनेछ। त्यसले राज्यको कर र राजश्वको दायरा र मात्रा बढाउनेछ। राज्यको आर्थिक स्रोत सबल हुँदै जाँदा देशले पूर्वाधार निर्माणमा लगानी गर्ने आधार पाउनेछ। बाटो, घाटो, सडक, पुल बन्नेछन्। देश समृद्धिको गतिमा लम्किनेछ।

किसानहरूले समयमै बीउ र मल पाउनेछन्। अन्न, तरकारी र नगदेबालीको राम्रो उत्पादन हुन सुविधा हुनेछ। उत्पादित कृषिवस्तुको बजार व्यवस्थित हुनेछ। कृषिजन्य उत्पादनले उचित मूल्य पाउनेछन्। ग्रामीण अर्थतन्त्र चलायमान हुनेछ। गाउँ-गाउँमा सम्पन्नताको लहर आउनेछ। विचौलियाले खेल्ने ठाउँ पाउने छैनन्।

तर, यो आशा आशामा सीमित नरहेर निरासामा बदलिन लागिसक्यो। कुनैबेला प्रधानमन्त्री ओलोद्वारा प्रस्तुत यी आशाहरूमाथि हाम्रो विश्वास कसरी भयो भन्ने प्रश्न मानिसका मनमा उब्जिन थालेका छन्। कुनैबेला मानिसहरूलाई लागेको थियो, सरकारी कार्यालय तथा न्यायालयमा सुशासन आउनेछ। शिक्षालय, स्वास्थ्य केन्द्रमा हुने अनियमितता बन्द हुनेछन्। विद्यार्थीहरूले बिना अवरोध शिक्षा आर्जन गर्न पाउनेछन्। अध्ययन सम्पन्न भएपछि रोजगार पाउनेछन्। वृद्ध भत्ता वितरणको थालनी गरेको श्रेय पाएको पार्टीले जनताहरू बुढेसकाल पुग्दा तीनलाई स्याहार गर्ने छोराछोरी पनि देशमै रहने व्यवस्था मिल्दै जानेछ। उहाँद्वारा गरिएका वाचा यिनै थिए। ओलीलाई ‘सात बाघमारा’ ठानेर नै पार्टीले अध्यक्ष, संसद्ले प्रधानमन्त्री बनाएको हो। दमकतिरका मान्छे भन्छन्, ‘उहाँ सात बाघमारा नै हुनुहुन्थ्यो, खै कसको आँखा लाग्यो ?’ आँखा लागेरै त होला उहाँका हिम्मत, चातुर्यता, तीक्ष्णता र स्वच्छता सब लुप्त भए। उहाँ सातबाघमाराबाट एकाएक मुसाको शिकार गर्ने अवस्थामा आइपुग्नुभयो, यो वास्तवमै साह्रै दुःखद् कुरा हो।

यहाँ पाठकहरूसमक्ष सात बाघमाराको कथाको सप्रसंग व्याख्या हुनु आवश्यक देखिन्छ। कुनै कालखण्डमा एउटा केटो ससुराल गइरहेको थियो। चैत-वैशाखको मूल सुकेर सुक्खा लागेको अवस्थामा रूखबाट झरेका पातहरू बाटामा झरेका हुन्थे। ती पातलाई खुट्टाले टेक्दै हिँड्दा आउने सऱ्याक सनयक आवाजले केटोको मन त्रसित हुँदो रहेछ। आफूले आफैंलाई आत्मवल दिन केटो भन्थ्यो ‘म सात बाघमारा हुँ।’ यस्तै अपाल गर्दै हिँडिरहँदा उसका कुरा सुनेका राजाका सिपाहीहरूले उसलाई पक्रिएर दरबार पुऱ्याउँछन्। सिपाहीहरूले केटोलाई राजासमक्ष हाजिर गराउँछै विन्ती बिसाउँछन्, ‘महाराज यो केटो सात बाघमारा हो।’

महाराजलाई लाग्छ त्यसो हो भने यसको बहादुरीको जाँच किन नगर्ने ? महाराजले केटोको बहादुरी जाँच्न पठाउँछन्। केटोले एउटा मुसो पक्डिन्छ। त्यो पनि जिउँदै ! आखिर मुसाका खुट्टा, कान, पुच्छर जे जति हुन्छन्, बाघका पनि हुने त त्यति नै हो। यसको पनि अगाडिका दुई दाँत लामा छन्, बाघका दाह्रा जस्तै। त, बाघ र मुसामा के नै फरक छ ? यस्तै सोचेर केटो दरबार पुग्छ। महाराज समक्ष हाजिर हुँदै उसले बिन्ती गर्छ, ‘महाराज, समातें मुसीका कान, जोगाएँ ससुरालीका धान’। नेपालीहरूले सात बाघमारा ठानेका प्रधानमन्त्री मुसो समातेर ससुरालीको धान जोगाउने ठाउँमा आइपुग्नुभएको छ।

अहिले प्रधानमन्त्री ओलीको उत्थान र पतनका श्रृंखलाहरूको कालक्रम सुरु भइसकेको छ। उत्थान र पतनका श्रृंखलामा उनका आफ्नै योगदानहरूको भूमिका महत्वपूर्ण छ। संसदीय वा वाम राजनीति एजेण्डा, लक्ष्य र योजनाविहीन ढंगले जबर्जस्ती घिस्रने प्रयत्न गरिरहेको छ। कछुवाका बच्चा त घिस्रिएरै समुद्रमा जाने हुन्। तीनलाई त्यो जानकारी छ। तर, नेपालको सरकार कहाँ पुग्न घिस्रिरहेको छ, उसैलाइ अत्तोपत्तो छैन। संसद्मा भएको दुई तिहाईको बल जुन ‘सात बाघमारा’ सरह छ, त्यो सरकार मुसो समातेर दाँत गन्ने काममा व्यस्त देखिन्छ। सन् १९९० अघि तत्कालीन बर्मामा भिजिटिङ कार्ड बाँड्दै कसैले भन्थ्यो रे- म स्पेयर पार्टसको स्मग्लिङ गर्छर्द। सुन्दै विश्मय लाग्ने सो कुरा नेपालको नियति हुन पुगेको छ। भर्खरै गरीब राष्ट्रहरूको मध्येको गरिब देशको प्रतिनिधिमण्डलको नेतृत्व गर्दै विदेश यात्रामा सगौरव भिजिटिङ कार्ड बाँडेर तुर्कमेनिस्तानबाट फर्किनुभएका प्रधानमन्त्री जति ज्ञान त हामीलाई छैन नै। तर, पनि अब प्रधानमन्त्रीसँग नेपालीका धेरै आशा छैनन्। कम्तीमा पनि प्रधानमन्त्रीको बेइज्जत नहोस् भन्ने कामना सबैले गरेका हुन्। बेइज्जत नहोस् भन्नका लागि इज्जत बढ्ने काम हुनुपर्छ। तर समस्याको चुरो नै त्यही भएको छ, आखिर इज्जत बढ्ने काम के हो ?

राजनीति, प्रशासन, व्यापार र विचौलियागिरी गर्ने थोरै मानिसहरू बाहेकको ठूलो संख्या दैनन्दिन त्रासले ग्रस्त छन्। सानो तप्काको स्वर्गीय आनन्दका लागि आफूहरूको हितले बलि चढिरहेको आमजनले महसुस गरिरहेका छन्। यस्तै हो भने राजनीतिमा रुने दिन आउनेछ। यदि, त्यसो भयो भने संसारको कुनै तन्त्र, मन्त्र र यन्त्रले काम गर्ने छैन, न त कुनै मनोविद्ले समस्याको हल दिनेछन्। जब राजनीतिले पापिष्ट परिणति ल्याउनेछ, त्यो कर्तामाथि नै खनिन पुग्छ, जसलाई कसैले टारेर टार्न सक्दैन।

## जेन कथा

# साँचो चमत्कार



बेन्केइ नाम गरेका एकजना ख्यातिप्राप्त जेन गुरु रयुमो भन्ने ठाउँको मन्दिरमा जेन शिक्षा दिने गर्दथे। शिन्शु सम्प्रदाय मान्ने एकजना पण्डित बेन्केइका अनुयायी बढ्न थालेपछि भित्रभित्रै ईर्ष्या गर्थे। मौका पाउनेबित्तिकै शास्त्रार्थ गर्दै तिनलाई होच्याउन थाल्थे। शिन्शु सम्प्रदाय मान्ने पण्डितहरू भने बौद्धमन्त्र ठूलो-ठूलो स्वरले उच्चारण गर्ने गर्थे।

एक दिन बेन्केइ आफ्ना शिष्यहरूलाई पढाइरहेका थिए। त्यतिबेलै अचानक शिन्शु पण्डित त्यहाँ आइपुगे। शिन्शु पण्डितले आउनेबित्तिकै ठूलो-ठूलो स्वरमा मन्त्रपाठ गर्न थाले। यो देखेर बेन्केइले आफ्नो काम बीचैमा रोके। बेन्केइले पण्डितलाई सोधे, ‘तिमीले खोजेको के हो ?’ शिन्शु पण्डितले भने, ‘हाम्रा गुरु यति दिव्यशक्ति सम्पन्न थिए कि उनी नदीको एउटा किनारामा ब्रस लिएर उभिए भने अर्को किनारामा उनका शिष्य कागज लिएर उभिन्थे। उनले हावामा ब्रस चलाउँदा अर्को किनारामा कागजमा आफैं चित्र बन्थ्यो। तपाईं यस्तो गर्न सक्नुहुन्छ ?’ बेन्केइले नम्र भएर जवाफ दिए, ‘तपाईंको मठका बिरालाहरूले पनि त्यही गर्न सक्लान् तर यो शुद्ध जेन आचरण भने होइन। मेरो चमत्कार त भोक लाग्नु हो र भोक लागेपछि खाना खानु हो। मेरो चमत्कार त प्यास लागेपछि पानी पिउनु हो।’

*अच्युत कोइराला*

**लेख तथा टिप्पणीका लागि:**
desk.news24daily@gmail.com

## पाठक-मञ्च

# सडक सुरक्षित बनाऔं

एउटा चियापसले उखान छ– नेपालको सडकमा गाडी चलाउन जान्नेले जहाँ पनि गाडी चलाउन सक्छ। उखानको तात्पर्य हो– नेपालको सडक व्यवस्थापन खत्तम छ। यो तर्कलाई पुष्टि गर्छ नेपालमा हुने सडक दुर्घटनाले, जसका कारण दिनमा सरदर चार जनाको मत्यु हुन्छ। अर्थात् वर्षको १५ सय व्यक्तिले सडक दुर्घटनाका कारण अकालमै ज्यान गुमाइरहेका छन्। ज्यान गुमाउनुबाहेक दुर्घटनामा अंगभंग हुने, कुँजो हुने, मानसिक अवस्थामा खलल पुग्ने पनि हुन्छ। त्यस्तै लामो समय घाइते भएर उपचारका लागि दौडधूप र खर्च गर्नुपर्ने पनि हुन्छ।

सडक दुर्घटनामा सवारी साधन र सडक दुई मुख्य तत्व देखिए तापनि अरू अनेक तत्वले सडक दुर्घटना गराइरहेको हुन्छ। पहिले त सवारी साधनलाई जहिले पनि ठीक अवस्थामा राख्नुपर्छ। अर्थात् गाडीहरू कन्डिसनमा हुनुपर्छ– ब्रेक, एक्सिलेटर, सिग्नल, हर्न, हेडलाइट, डिम लाइट, साइड लाइट, ब्याट्रीको अवस्था चुस्त दुरुस्त हुनुपर्छ। र, चलाउने मान्छेको शारीरिक तथा मानसिक अवस्था पनि चुस्त दुरुस्त हुनुपर्छ। अत्यधिक तनाव र खुसी पनि चालकका लागि हानिकारक कुरा हुन्, तर गाडीको चेक-जाँच गर्ने बेलामा उपर्युक्त कुरालाई ध्यान दिइएको पाइँदैन।

ट्राफिक प्रहरीद्वारा लाइसेन्स, ब्लुबुक, रोड परमिट त जाँचिन्छ तर गाडीको प्राविधिक पक्ष चेकचाँच गर्ने परिपाटी छैन। गाडीको गियर सजिलै बलदिने-नबदलिने, ब्रेक लाग्ने-नलाग्ने, चक्कामा ग्रिज, तेल हाले-नहालेको चेक गर्ने गरिएको छैन। त्यस्तै, गाडीले ठूलठूलो आवाजमा रेडियो, क्यासेट बजाएर एकाग्रता भंग हुने वा एम्बुलेन्सलगायतका अन्य गाडीको सिग्नल बुझ्न बाधा परेको छ/छैन त्यो जाँच्ने चलन छैन। त्यसैले गाडीको कन्डिसन बुझ्न गरिने प्राविधिक चेकजाँचलाई तीव्र बनाउनु अत्यावश्यक छ।

हाम्रा सडकको अवस्था उति सन्तोषजनक मान्न सकिँदैन। न त बेलामा मर्मत हुन्छ, न त सम्भार नै। सवारी साधनबाट उठाइने सडक कर सडकको सम्भारमा खर्च हुनुपर्ने हो तर हुनुपर्ने काम भएजस्तो देखिँदैन। सडकको पनि चेक-जाँच भइरहनुपर्ने हो।

सर्वसाधारणहरूले पनि ट्राफिक नियमको पालाना गरेको पाइँदैन। नियमले मोटरसाइकलमा दुई जना मात्र चढ्न मिल्छ, तर खुलमखुला तीन जना र त्यस्तै परे चार जना पनि मोटरसाइकलमा चढेको देखिन्छ। जाम पर्दा सडकपेटीमा बाइक दौडाउने गरेको देखिन्छ भने जाम परेका बेला विपरीत लेनबाट ओभरटेक गर्ने गरिएको पाइन्छ।

त्यस्तै, गाडी चलाउनेहरू पनि मोबाइलमा कुरा गर्दै गाडी चलाइरहेका देखिन्छन्। गाडी चलाउँदा मोबाइलमा कुरा गर्न नहुने निमय पालना भएको पाइँदैन। सार्वजनिक यातायातहरूले यात्रु चढाउन जहाँ पनि रोक्ने र ओराल्ने बेलामा पनि दायाँबायाँ हेरेर ट्राफिक नभए जहाँ पनि रोक्ने गरेका छन्।

हामीकहाँ मात्र होइन, विकसित भनिएका देशहरूमा पनि ट्राफिक समस्या विकराल र चुनौतीपूर्ण छ। जहाँ समस्या छन्, त्यहाँ समाधान पनि हुन्छ भनिन्छ। सडकसँग सरोकार राख्ने निकायहरू भौतिक योजना मन्त्रालयको सडक विभाग, गृहमन्त्रालयको प्रहरी र ट्राफिक प्रहरी, यातायात व्यवस्था विभाग, नेपाल विद्युत् प्राधिकरण र पालिकाहरूले सडकलाई सुरक्षित बनाउन पनि अभियान चाल्नुपर्ने देखिन्छ।

**जिवेन्द्र कश्यप**

# विपद्बाट बचौं, बचाऔं

राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणले गत वैशाखदेखि पछिल्लो तीन महिनामा विपद् सम्बन्धी २ हजारभन्दा बढी घटनामा ९३ जनाको मृत्यु भएको र २२ जना बेपत्ता रहेको सार्वजनिक गरेको छ। यो तथ्यले हामीले विपद्का घटनाको पूर्वतयारी गर्नुपर्ने र घटना पछिको उद्धार र राहतमा पनि गम्भीर हुनुपर्ने देखाएको छ।

बाढीका १ सय ३७ घटनामा मात्रै १३ जनाको मृत्यु भएको छ भने २२ जना बेपत्ता भएका छन्। तीन महिनाको अवधिमा भएका विपद्का घटनामा ४ सय ४५ जना घाइते भएका र ४ हजार परिवार प्रभावित हुनु भनेको राष्ट्रका लागि ठूलो संकट हो।

केही दिनअघि जुलाई ८ मा रसुवा भोटेकोशीमा आएको बाढीले सबैभन्दा बढी मानवीय क्षति गरेको थियो। यो घटना माथिल्लो क्षेत्रमा हिमनदी ताल फुटेर भएको थियो। त्यसैले ताल फुटेको घटना तत्काल सबैतिर सम्प्रेण गर्ने प्रणाली विकास गर्नुपर्ने देखिन्छ। विगत तीन महिनामा चट्याङ लागेर २६ जना, आगलागीबाट १४ जना, जंगली जनावरको आक्रमणबाट १२ जना र उचाइमा हुने रोगबाट ११ जनाको मृत्यु भएको छ।

घटना विभिन्न ठाउँमा हुने र ठाउँ-ठाउँको प्रभाव कम हुने भएकाले घटनाका प्रभाव कम देखिए पनि यो ठूलो घटना हो। यसैले, हामी विपद्प्रति गम्भीर हुनुपर्ने देखिएको छ। किनभने, वर्षातको प्रभाव भदौ, असोजसम्म अझै हुने अनुमान भएको हुँदा पूर्वतयारी गर्नुपर्छ। किनभने मानवीय क्षतीलाई सकेसम्म शून्यमा पार्नुपर्छ। यसको लागि जिम्मेवार निकायले आफ्नो काम गर्नुपर्ने देखिन्छ र सचेतनाको सूचना र जानकारी सकेसम्म चाँडो जनतामा पुग्नुपर्छ।

*किशोर कार्की, रसुवा*

# युद्ध विस्तार योजनाविरुद्ध इजरायलभित्रै विरोध, गाजामा भोकमरीबाट सयौँको मृत्यु

**एजेन्सी, साउन २५**

गाजा क्षेत्रमा युद्ध विस्तार गर्ने इजरायली प्रधानमन्त्री बेन्जामिन नेतन्याहूको योजनाविरुद्ध इजरायलभर विरोध चर्किएको छ। जेरुसेलमदेखि तेल अभिव, हाइफालगायत प्रमुख शहरहरूमा हजारौं नागरिक सडकमा उत्रिएर नेतन्याहू सरकारको 'पूर्ण नियन्त्रण योजना' को विरोध गरेका छन्।

शनिबार राति तेल अभिवमा आयोजित प्रदर्शनमा आयोजकहरूका अनुसार एक लाखभन्दा बढी मानिस सहभागी भएका थिए। प्रदर्शनकारीहरूले गाजामा जारी सैन्य आक्रमण तुरुन्त रोक्न, बाँकी रहेका बन्धकहरूको सुरक्षित रिहाइ सुनिश्चित गर्न तथा युद्ध अन्त्य गर्न सरकारमाथि दबाब दिएका छन्। इजरायली सुरक्षास्रोतअनुसार गाजामा रहेको करिब ५० जना बन्धकमध्ये २० जना अझै जीवित रहेको विश्वास गरिएको छ।

**पूर्वसैनिकको अस्वीकार**

जेरुसेलममा प्रधानमन्त्री नेतन्याहूको निवासतर्फ प्रदर्शन गर्दै पूर्वसैनिक म्याक्स क्रेस 'म अस्वीकार गर्छु' भन्ने प्लेकार्ड बोकेर मार्चमा सहभागी भएका थिए। बीबीसीसँग कुरा गर्दै उनले भने, 'हामी युद्ध लडेका ३५० भन्दा बढी सैनिक नेतन्याहूको राजनीतिक युद्धलाई अस्वीकार गर्छौं।'

**गाजा नियन्त्रण गर्न इजरायलको पाँच बुँदे योजना**

इजरायली सुरक्षा क्याबिनेटले गत शुक्रबार गाजा नियन्त्रणका लागि पाँचबुँदे योजना अनुमोदन गरेको थियो, जसअनुसारः हमासलाई निशस्त्र बनाउने, सबै बन्धकको रिहाइ, गाजालाई सैन्यरहित क्षेत्र बनाउने, गाजामाथि इजरायली सुरक्षाको नियन्त्रण कायम गर्ने, र 'न हमास, न प्यालेस्टाइनी अथरिटी' हुने वैकल्पिक नागरिक प्रशासन स्थापना गर्ने योजना समावेश गरिएको छ।

प्रदर्शनकारीहरूले यस योजनालाई 'एकपक्षीय कब्जा' को संकेत भन्दै अस्वीकार्य ठहर गरेका छन्।

**अन्तर्राष्ट्रिय जगत्ले गर्‍यो आलोचना**

इजरायलको यो योजनाको विश्वभर विरोध भएको छ। संयुक्त राष्ट्रसंघ, बेलायत, फ्रान्स, अस्ट्रेलिया, टर्की, जर्मनी, फिनल्यान्ड र क्यानडाले गाजामाथि पूर्ण नियन्त्रण गर्ने इजरायली योजना र त्यसअनुरूप भइरहेको सैन्य कारबाहीको आलोचना गरेका छन्। संयुक्त राष्ट्रसंघले यस्तो कारबाहीले गाजाका बन्धकहरू र सर्वसाधारण प्यालेस्टिनीहरूका लागि 'विनाशकारी परिणाम' निम्त्याउने चेतावनी दिएको छ।



**१०० बाल-बालिकासहित २१७ को मृत्यु**

गाजा क्षेत्रमा जारी इजरायली नाकाबन्दी र अत्यन्त सीमित मानवीय सहायता आपूर्तिका कारण चरम भोकमरी र कुपोषणको संकट सिर्जना भएको छ। गाजाको स्वास्थ्य मन्त्रालयका अनुसार पछिल्लो २४ घण्टामा मात्र पाँच जनाको मृत्यु भएको छ, जसमा दुई बालबालिका छन्। हालसम्म भोकमरी र कुपोषणका कारण ज्यान गुमाउनेको संख्या २१७ पुगेको छ, तीमध्ये १०० जना बालबालिका छन्।

मार्च २०२५ मा इजरायलले गाजामा ११ हप्तासम्म पूर्णरूपमा मानवीय सहायता अवरुद्ध गरेको थियो। मे महिनादेखि केही खाद्यान्न, इन्धन र औषधी प्रवेशको अनुमति दिइए पनि ती सहयोग पर्याप्त नभएको सहायता संस्थाहरूको भनाइ छ।

**सहायता खोज्दा १४ सयको मृत्यु**

सहायता वितरणको लागि इजरायलले 'गाजा ह्युमानिटेरियन फाउन्डेसन' (जीएचएफ) नामक आफ्नै संस्थामार्फत नयाँ व्यवस्था लागू गरेको छ। संयुक्त राष्ट्रसंघका अनुसार २७ मे २०२५ यता सहायता खोज्ने क्रममा कम्तीमा १,४०० जना प्यालेस्टाइनी मारिएका छन्, जसमा धेरैजसो जीएचएफ केन्द्र नजिकै र केही बाटैमा मारिएका थिए।

भोकमरी र हिंसाका तस्वीरहरू सार्वजनिक भएपछि विश्वभरबाट आलोचना चुलिएको छ। दबाबकै कारण गत महिनाको अन्त्यतिर इजरायली सेनाले केही मात्रामा सहायता प्रवेश अनुमति दिएको थियो। तर सहायता तथा मानवअधिकार संस्थाहरूका अनुसार हालको आपूर्ति गाजाको २० लाख जनसंख्याको न्यूनतम आवश्यकता पूरा गर्न पनि सक्दैन।

**सुरक्षा परिषद्मा छलफल, अमेरिका र पनामा मात्र विपक्षमा**

गाजाको मानवीय संकटबारे संयुक्त राष्ट्र सुरक्षा परिषद्मा प्रस्ताव अघि सारिएको छ। उक्त प्रस्तावलाई सबै सदस्य राष्ट्रहरूले समर्थन गरेका छन् भने अमेरिका र हाल अध्यक्षता गरिरहेको पनामाले मात्र यसलाई समर्थन गरेनन्। अमेरिका इजरायलको सबैभन्दा नजिकको सहयोगी र प्रमुख हतियार आपूर्तिकर्ता हो।

सुरक्षा परिषद्मा चीन, रुस, फ्रान्स, बेलायत, अमेरिका पाँच स्थायी सदस्य छन् भने जसमा अल्जेरिया, डेनमार्क, ग्रीस, गयाना, पाकिस्तान, पनामा, दक्षिण कोरिया, सियरा लियोन, स्लोभेनिया र सोमालियाजस्ता १० अस्थायी सदस्यहरू छन्।

# बंगलादेशले ४० हजार बडीक्याम खरिद गर्ने




**एजेन्सी, साउन २५**

आउँदो फेब्रुअरीमा हुने आम निर्वाचनलाई ध्यानमा राख्दै स्वतन्त्र, निष्पक्ष र शान्तिपूर्ण बनाउन बंगलादेशको अन्तरिम सरकारले मतदान केन्द्रहरूमा सुरक्षालाई थप मजबुत बनाउन प्रहरीका लागि ४० हजार बडी क्याम (शरीरमा लगाइने क्यामेरा) खरीद गर्ने तयारी गरेको छ।

शनिबार ढाकास्थित स्टेट गेस्ट हाउस जमुनामा मुख्य सल्लाहकार मुहम्मद युनुसको अध्यक्षतामा बसेको उच्चस्तरीय बैठकमा यस विषयमा छलफल भएको हो। बैठकमा गृहमन्त्रीका सल्लाहकार लेफ्टिनेन्ट जनरल (सेवानिवृत्त) जहाँगीर आलम चौधरी, मुख्य सल्लाहकारका विशेष सहायक खुदा बख्श चौधरी र फैज तैयब अहमद सहभागी थिए।

विशेष सहायक फैज तैयब अहमदले क्यामेरा खरिद प्रक्रिया अन्तिम चरणमा पुगेको जानकारी दिँदै ती उपकरणले हजारौं असुरक्षित मतदान केन्द्रहरूमा सुरक्षा बलियो बनाउने बताए।

'हामीले अक्टोबरभित्र बडी क्याम खरिद गर्ने लक्ष्य राखेका छौं ताकि प्रहरी अधिकारीहरूले कृत्रिम बुद्धिमत्ता क्षमतासहितका प्रमुख सुविधा प्रयोग गर्न पूर्व-प्रशिक्षण प्राप्त गर्न सकून्,' उनले बताए।

बंगलादेशले बडी क्याम आपूर्तिका लागि जर्मनी, चीन र थाइल्यान्डका कम्पनीहरूसँग सम्पर्क गरिरहेको छ। यी क्यामरा प्रहरी अधिकारी तथा कन्स्टेबलले चुनावी ड्युटीका क्रममा आफ्नो छातीमा प्रयोग गर्नेछन्।

मुख्य सल्लाहकार युनुसले खरिद प्रक्रिया तीव्रता दिने र हजारौं प्रहरी कर्मचारीलाई आवश्यक तालिम उपलब्ध गराउने निर्देशन दिएका छन्। 'हामीले सबै मतदान केन्द्रमा पूर्ण सुरक्षा सुनिश्चित गर्न'पर्छ, चाहे त्यसका लागि जुनसुकै खर्च किन नहोस्,' उनले भने, 'हाम्रो लक्ष्य यो फेब्रुअरीको निर्वाचनलाई देशको इतिहासमै सबैभन्दा स्वतन्त्र, निष्पक्ष र शान्तिपूर्ण बनाउनु हो।'

बैठकमा आगामी निर्वाचनका लागि तयार पारिएको एक विशेष मोबाइल एपसमेत सार्वजनिक गरिने योजना सुनाइएको थियो। यस एपमार्फत उम्मेदवारहरूको विवरण, मतदान केन्द्रसम्बन्धी अद्यावधिक जानकारी तथा उजुरी दर्ता गर्न सकिने सुविधाहरू उपलब्ध हुनेछन्।

मुख्य सल्लाहकारले एप प्रयोगकर्ता-मैत्री बनाउन र यसलाई १० करोडभन्दा बढी मतदाताका लागि सहज बनाउन सम्बन्धित निकायलाई निर्देशन दिएका छन्।

यसैक्रममा, अगस्ट ६ मा मुख्य सल्लाहकारको कार्यालयले निर्वाचन आयोगलाई पत्र लेख्दै २०२६ को फेब्रुअरीमा रमजान सुरु हुनुअघि राष्ट्रिय संसद्को निर्वाचन सम्पन्न गर्न सबै तयारी पूरा गर्न आग्रह गरेको प्रेस विज्ञप्तिमा उल्लेख छ।

पत्रमा मुख्य सल्लाहकारका प्रमुख सचिव एम. सिराज उद्दीन मियाले स्वतन्त्र, निष्पक्ष, शान्तिपूर्ण र उत्सवमय निर्वाचन सुनिश्चित गर्न आवश्यक कदम चाल्न निर्वाचन आयोगलाई आग्रह गरेका छन्।

अगस्ट ५ मा 'जुलाई विद्रोह दिवस'का अवसरमा राष्ट्रलाई सम्बोधन गर्दै मुख्य सल्लाहकार युनुसले निर्वाचन आयोजना सम्बन्धी पत्र निर्वाचन आयोगलाई पठाइने जानकारी गराएका थिए। सोही अनुरूप उक्त पत्र पठाइएको हो।

मुख्य सल्लाहकारले सम्बोधनमा चुनावलाई 'महान् हर्षोल्लासपूर्ण मतदान पर्व' का रूपमा मनाउन सकिनेगरी आयोजना गर्न आग्रह गर्दै सम्पूर्ण तयारी तथा संस्थागत व्यवस्था तत्काल सुरु गर्न आह्वान गरेका थिए।

उनले निर्वाचनप्रति जनताको विश्वास, सहभागिता र उत्सवमय वातावरण सृजना गरी यो चुनावलाई अविस्मरणीय बनाउने प्रतिबद्धता व्यक्त गरेका छन्।

# भारतीय सेनामा युद्धलक्षित 'ड्रोन बटालियन' तयारी

**एजेन्सी, साउन २५**

भारतले भविष्यको युद्ध कस्तो होला भन्ने अनुमान गर्दै र पछिल्लो समय ड्रोनको अत्यधिक प्रयोग बढ्दै जाँदा सेनाको व्यापक आधुनिकीकरण योजना अन्तर्गत 'ड्रोन बटालियन' गठन गर्ने तयारी गरेको छ।

पछिल्लो मे महिनामा भारत-पाकिस्तान सीमामा भएको सैन्य द्वन्द्व र त्यसपछिको 'अपरेशन सिन्धूर' ले देखाएका चुनौतीहरूपछि भारतीय सेनाले मानवरहित हवाई सवारी (अनम्यान्ड एरियल भेहिकल-युएभी) र त्यसको प्रतिकार प्रणाली (काउन्टर-युएभी) लाई हरेक बटालियनमा अविनार्य रूपमा समावेश गराउने भएको हो।

यो रणनीतिक सुधारअन्तर्गत पैदल सेना, बख्तरबन्द, र तोपखाना शाखाहरूमा बेग्लै ड्रोन युनिटहरू पनि गठन गरिने भएको छ। यी युनिटहरूमा विशेष तालिम प्राप्त सैनिक तथा प्राविधिकहरूलाई मात्र खटाइनेछ। तिनले निगरानी, जानकारी संकलन र लक्षित आक्रमण गर्ने कार्यलाई सहजीकरण गर्नेछन्।

**'रुद्र ब्रिगेड' र कमाण्डो बटालियनको घोषणा**

गएको जुलाई २६ मा 'कारगील विजय दिवस'को अवसरमा सेनाध्यक्ष जनरल उपेन्द्र द्विवेदीले ३० वटा हल्का कमाण्डो बटालियनसहित 'रुद्र ब्रिगेड' नामक नयाँ सैन्य संरचनाको घोषणा गरेका थिए। उक्त ब्रिगेडलाई ड्रोन, आर्टिलरी र अत्याधुनिक हतियारहरूसहित सुसज्जित बनाइनेछ। ड्रोन बटालियनको अवधारणा पनि यही योजनाको एक महत्त्वपूर्ण हिस्सा हो। यसले तीन पंक्तिहरूबीच सहकार्य र समन्वयलाई प्रवर्द्धन गर्नेछ।



**स्वचालित र सस्तो युद्ध शैलीको नयाँ रणनीति**

ड्रोन प्रविधिले युद्धको स्वरूप नै परिवर्तन गरिरहेको सन्दर्भमा भारत पनि आधुनिक युद्ध रणनीतिमा टेक्नोलोजीलाई केन्द्रमा राख्दैछ। सस्तो, सटिक र प्रभावकारी मानिने ड्रोनहरू अहिले अर्बौं रुपैयाँ मूल्यका ट्यांकहरू ध्वस्त पार्न प्रयोग भइरहेका छन्। साना निगरानी ड्रोनले लक्ष्य पहिचान गर्ने र आक्रमण ड्रोनहरूलाई संकेत पठाउने गर्छन्। यसपछि आक्रमण ड्रोनले ड्रोनहरूले एक्लै वा समूहमा आक्रमण गर्ने रणनीति अघि सारिएको छ।

यस्तो संरचनामा प्रत्येक ड्रोन युनिटमा २५-१०० सैनिक तथा प्राविधिकहरू खटिनेछन्। तिनीहरूलाई केवल ड्रोन सञ्चालनको जिम्मेवारी दिइनेछ। प्रयोग गरिने ड्रोनहरू पनि दुई प्रकारका हुनेछन् – 'निगरानी ड्रोन र आक्रमण ड्रोन।'

**विदेशी र स्वदेशी ड्रोन प्रविधिमा लगानी**

भारतले हालसम्म ३.५ अर्ब अमेरिकी डलर बराबरका ३१ अमेरिकी ड्रोनहरू खरिद गरिसकेको छ। साथै, इजरायलबाट 'हार्पी', 'हारोप' र 'हेरोन' जस्ता अत्याधुनिक ड्रोनहरू समेत लिइसकेको छ। यसको प्रयोग अपरेशन सिन्दुरमा व्यापक रूपमा गरिएको थियो। भारतले आफ्नै घरेलु ड्रोनहरू पनि विकास गर्दैछ। यसलाई लद्दाख र अरुणाचल प्रदेशजस्ता दुर्गम र अग्ला क्षेत्रहरूमा आपूर्ति र निगरानीका लागि प्रयोग गरिँदैछ।

सेनामा प्रविधियुक्त युद्ध प्रणाली विकास हुँदै जाँदा परम्परागत युद्ध शैली (कन्ट्याक्ट वारफेयर) समाप्त हुँदै गएको छ। अब लडाइँमा स्वचालित मेसिनहरूको भूमिका बढ्दो छ। जसमा पाइलटविहीन लडाकु विमानदेखि लिएर स्वचालित निर्णय प्रणालीसम्मको सक्रियता बढ्दो छ।

विशेषज्ञहरू भन्छन्- भविष्यका युद्धहरूमा जसको नियन्त्रण प्रविधिमाथि बलियो हुनेछ, उसैको विजय सम्भावना उच्च हुनेछ। भारतीय सेनाको यो रूपान्तरण त्यसैको संकेत हो। अब भारतमा पनि पारम्परिक युद्ध शैलीभन्दा प्रविधिको भूमिकाले ठाउँ लिँदैछ।

# वरिष्ठ चिनियाँ कूटनीतिज्ञ लिउ जियानचाओ हिरासतमा

**एजेन्सी, साउन २५**

भावी विदेशमन्त्रीका लागि दाबेदार मानिएका एक वरिष्ठ चिनियाँ कूटनीतिज्ञलाई अधिकारीहरूले सोधपुछका लागि हिरासतमा लिएको वाल स्ट्रिट जर्नलले आइतबार जनाएको छ।

विदेशी राजनीतिक दलहरूसँगको सम्बन्धको निरीक्षण गर्ने सत्तारूढ कम्युनिस्ट पार्टीअन्तर्गतको विभागका प्रमुख लिउ जियानचाओलाई जुलाईको अन्त्यमा विदेशको कार्य भ्रमणबाट बेइजिङ फर्केपछि 'लगिएको', यस मामिलासँग परिचित व्यक्तिहरूका अनुसार रिपोर्टमा उल्लेख छ।

उनको हिरासतको कारण निर्धारण गर्न नसकिएको रिपोर्टमा जनाइएको छ। यसबारे भने चिनियाँ विदेश मन्त्रालयले कुनै प्रतिक्रिया जनाएको छैन।

एकसठ्ठी वर्षीय लिउले यसअघि फिलिपिन्स र इन्डोनेसियाका लागि राजदूत र विदेश मन्त्रालयका प्रवक्तासहित प्रमुख कूटनीतिक भूमिकामा काम गरिसकेका छन्।

उनले राष्ट्रपति सी जिनपिङको भ्रष्टाचार विरुद्धको विशिष्ट अभियान कार्यान्वयन गर्ने जिम्मेवारी भएका विभिन्न राष्ट्रिय र क्षेत्रीय निकायहरूको नेतृत्व पनि गरेको छन्।

उनको हिरासतले किन गाङपछि चिनियाँ कूटनीतिज्ञको उच्च-स्तरको अनुसन्धानको प्रतिनिधित्व गर्दछ। किनलाई सन् २०२३ मा विवाहेतर सम्बन्धको खुलासापछि विदेशमन्त्रीको पदबाट हटाइएको थियो। लिउलाई चिनियाँ कूटनीतिक संसारमा उदीयमान व्यक्तित्वका रूपमा हेरिएको थियो।

# आउँदो २५ वर्षमा डुब्ने देशलाई अस्ट्रेलियाको शरण

**एजेन्सी, साउन २५**

प्रशान्त महासागरमा रहेको टापु देश टुभालुको जनतालाई अष्ट्रेलियाले शरण दिँदैछ। कुनै देशका जनता पूर्ण योजना र भिसाका साथ अर्को देशमा बसाइँ सर्दैछन्। विश्वमा यो पहिलो र दुर्लभ घटना बन्न पुगेको छ।

समुद्रको सतह बढ्दै जाँदा टुभालु देश डुब्ने अवस्थामा पुगेको छ। यस्तो अवस्थामा, टुभालुले अष्ट्रेलियासँग सम्झौता गरी आफ्ना नागरिकलाई अष्ट्रेलियामा बसोबास गराउने भएको छ।

विभिन्न अनुसन्धानले अबको २५ वर्षभित्र टुभालुको अधिकांश भूमि डुब्ने बताएका छन्। टुभालुमा नौ टापुहरू छन्। यहाँ बस्ने मानिसहरूको जनसंख्या लगभग ११ हजार छ। यो देशको उचाइ समुद्र सतहबाट जम्माजम्मी १६ फिट माथि छ। जलवायु परिवर्तन यही स्तरमा कायम रहे अर्को ८० वर्षमा टुभालु पूर्ण रूपमा बसोबासविहीन हुनेछ। द्वीपसमूहका नौ कोरल टापुहरूमध्ये दुई वटा त पहिले नै डुबिसकेका छन्। समुद्री सतह परिवर्तन टोलीका अनुसार सन् २०२३ मा टुभालुमा समुद्री सतह विगत ३० वर्षको तुलनामा १५ सेन्टिमिटर बढी थियो।

औसत भू-उचाइ समुद्र सतहभन्दा दुई मिटरभन्दा कम छ। यही कारण यो देश आँधी, बाढी र समुद्री लहरबाट अत्यधिक प्रभावित छ। वैज्ञानिकहरूको चेतावनी अनुसार, यदि हालको गति कायम रह्यो भने २०५० सम्म टुभालुको धेरैजसो भूभाग र पूर्वाधार डुबानमा पर्नेछ।



आगामी ८० वर्षमा यो देश पूर्ण रूपमा बसोबास अयोग्य बन्नेछ अर्थात् सबै जमिन पानीमुनि हुनेछ।

यसै खतरालाई ध्यानमा राख्दै, टुभालु र अष्ट्रेलियाले २०२३ मा फलेआपिली संघ सन्धिमा हस्ताक्षर गरे। यस सम्झौताअन्तर्गत, प्रत्येक वर्ष २८० टुभालुबासीहरूले अष्ट्रेलियामा स्थायी बसोबास पाउनेछन्। यसमा स्वास्थ्य सेवा, शिक्षा, आवास र रोजगारीको पूर्ण अधिकार तिनले पाउने बताइएको छ। यसका लागि आवेदन दिने केही चरणहरू पूरा भइसकेका छन्।

अष्ट्रेलियाली विदेशमन्त्री पेनी वोङले बसाइँसराइ कार्यक्रमले टुभालुवासीहरूलाई सम्मानपूर्वक बसोबास गर्न अनुमति दिने बताएकी छन्। युएनएसडब्ल्यू सिड्नीको क्याल्डोर सेन्टर फर इन्टरनेशनल रिफ्युजी लकी जेन म्याकएडमले जनसंख्याको ४० प्रतिशत एक दशकभित्रै सर्नेछ। यसअघि टुभालु सरकारले यसतर्फ ध्यान दिन विश्व समुदायलाई आह्वान गरेको थियो।

टुभालुको यो प्रयास जलवायु आप्रवासनको पहिलो संरचित र कानुनी उदाहरण बनेको छ। यो उदाहरणले जलवायु संकटमा परेका अन्य साना टापु राष्ट्रहरूलाई स्पष्ट नीति र मार्गचित्र दिएको छ। यस घटनाले देखाएको छ– जलवायु परिवर्तन अब केवल वातावरणीय संकट मात्र होइन, सिङ्गो राष्ट्रको अस्तित्वसमेत संकटमा पार्ने वैश्विक चुनौती बनिसकेको छ।

# ‘फोर्थिङ फ्राइडे’का दुई ब्राण्ड बजारमा



काठमाडौं (संवाददाता)- नेपालको बढ्दो विद्युतीय सवारी साधनको बजारमा सशक्त पहिचान बनाइसकेको लक्ष्मी ई-मोबिलिटीले चीनको इलेक्ट्रिक गाडी ब्रान्ड ‘फोर्थिङ फ्राइडे’ नेपाली बजारमा ल्याएको छ। राजधानीको भृकुटीमण्डपमा जारी नाइमा नेपाल मोबिलिटी एक्स्पो-२०२५ मा कम्पनीले ‘फोर्थिङ फ्राइडे’ विद्युतीय गाडीका दुई भेरियन्ट सार्वजनिक गरेको हो।

यो ब्राण्डको गाडी नेपाली बजारमा आउँदा नेपालको इलेक्ट्रिक मोबिलिटी क्रान्तिलाई अझ तीव्र बनाउने दिशामा महत्त्वपूर्ण कदम हुने आधिकारिक बिक्रेता लक्ष्मी ई-मोबिलिटीको दाबी छ। कम्पनीका अनुसार नाइमा एक्स्पो उद्घाटको अवसरमा यो विद्युतीय गाडी नेपाली बजारमा पहिलोपटक सार्वजनिक गरिएको हो।

एक्स्पोमा यो ब्राण्डको विद्युतीय गाडीको प्रदर्शन नेपाल अटोमोबाइल इम्पोर्टर्स एण्ड म्यानुफ्याक्चरर्स एशोसिएसनले गरेको हो। विश्वव्यापी रूपमा स्मार्ट डिजाइन र अत्याधुनिक इलेक्ट्रिक मोबिलिटी प्रविधिका लागि चिनिएको ‘फोर्थिङ’ ब्रान्डले नेपालमा प्रिमियम इलेक्ट्रिक एसयुभी, फ्राइडे ईभीको सुरुवात गर्दै आफ्नो उपस्थिति दर्ता गरेको छ।

यो गाडीले प्रदर्शन, प्रविधि र आधुनिक डिजाइनलाई समेट्दै नेपाली ग्राहकको बदलिँदो आवश्यकतामा केन्द्रित समाधान दिने कम्पनीले दाबी गरेको छ। अहिले नेपाली बजारमा फ्राइडे ईभीका दुई भेरियन्टमा उपलब्ध छन्। जसमा लक्जरी र एक्सक्लुसिभ छन्। फ्राइडे ईभीको लक्जरी ब्राण्डको मूल्य ५० लाख ९६ हजार रुपैयाँ तोकिएको छ।

एक्स्पोको विशेष अफर अन्तर्गत, ‘फोर्थिङ’ले दुवै भेरियन्टमा सीमित समयका लागि २ लाख रुपैयाँसम्म छुट र एक वर्षको अटो र बिमाको सुविधा प्रदान गरेको छ। फ्राइडे ईभीका ब्राण्डमा ६४.४ किलोवाट आवरको ब्याट्री र ९९ किलोवाटको मोटर छ। यो ब्राण्डको गाडीमा एक पटकको चार्जमा ४०० किलोमिटरभन्दा बढीको दूरी तय गर्न सकिने कम्पनीले जनाएको छ।

गाडीको भित्री डिजाइन आरामदायी, प्रयोग गर्न सजिलो र स्मार्ट इर्गोनोमिक्सलाई प्राथमिकता दिई तयार गरिएको छ। साथै, यसमा प्रिमियम मसाज स्पोर्ट्स सीट रहेको छ जसले ड्राइभिङ अनुभवलाई अझ आरामदायी बनाउँछ। एक्सक्लुसिभ भेरियन्टमा इलेक्ट्रिक टेलगेट सुविधा पनि उपलब्ध छ।

‘फोर्थिङ फ्राइडे’ ईभीले प्रतिस्पर्धात्मक मूल्य निर्धारणसँगै प्रिमियम स्तरका सुविधाहरू र नाइमा एक्स्पोको विशेष अफर पनि उपलब्ध गराउँछ। यी सबै कुराले ‘फोर्थिङ फ्राइडे’ ईभीलाई नेपाली बजारमा आफ्नो सेग्मेन्टमा सबैभन्दा बढी मूल्यवान् र किफायती विकल्प बनाएको छ। ‘फोर्थिङ फ्राइडे’ईभीसँग सहकार्यगर्दै, लक्ष्मी ई-मोबिलिटीले नेपाली बजारमा अत्याधुनिक र वातावरणमैत्री सवारी समाधानहरू पुऱ्याउने आफ्नो प्रतिबद्धता थप प्रगाढ बनाएको छ। कम्पनीले नेपालमा इलेक्ट्रिक सवारी साधनको भविष्य निर्माणमा अग्रणी भूमिका खेल्न निरन्तर काम गरिरहेको छ।

# नाइमामा २६ मोडलका दुईपाङ्ग्रे



काठमाडौं (संवाददाता)- नाइमा नेपाल मोबिलिटी एक्सपोमा २६ वटा नयाँ मोडलका मोटरसाइकल र स्कुटर सार्वजनिक भएका छन्। नाइमामा सहभागी सबैजसो ब्रान्डले नयाँ मोडलका मोटरसाइकल र स्कुटर सार्वजनिक गरेका हुन्।

एक्स्पोमा विभिन्न १५ ब्रान्डका दुईपाङ्ग्रे सवारी साधनहरू सहभागी छन्। जसमा टीभीएस, एथर, केटीएम, बेनेली, याडिया, बीजी, ट्रयाम्फ लगायतले नयाँ मोडलका मोटरसाइकल र स्कुटर सार्वजनिक गरेका हुन्। केटीएम मोटरसाइकलको नेपालका लागि आधिकारिक बिक्रेता हंशराज हुलाश चन्द एण्ड कम्पनीले नयाँ केटीएम ३९० एन्डयूरो आर र एडभेन्चर ३९० एस मोडल सार्वजनिक गरेको छ। जगदम्बा मोटर्सले केटीएम आरटीआर ३१० प्रदर्शन गरेको छ। टीभीएस मोटरसाइकल र स्कुटर बिक्री गर्ने यो कम्पनीले एनटर्क १२५को नयाँ कलर अप्सन सार्वजनिक गरेको छ। बेनेलीले मोर्बीडेली ब्रान्डको दुई नयाँ मोटरसाइकल सार्वजनिक गरेको छ।

## हार्दिक बधाई तथा शुभकामना

नेपाल न्युज पब्लिकेशन्स् प्रा.लि. ले दैनिक पत्रिका

news 24 दैनिक

प्रकाशन प्रारम्भ गरेकोमा पत्रिकाको उत्तरोत्तर प्रगति र पूर्ण सफलताको हार्दिक बधाई तथा शुभकामना व्यक्त गर्दछौं ।

BLUE OCEAN OVERSEAS PVT. LTD.
Trust, Ethics, Responsibility

# ‘नीतिगत स्थिरता र पूर्वाधार विकास भए अटो उद्योगले फड्को मार्छ’

अटोमोबाइल उद्योगमा नवप्रवर्तन र प्रविधिको परिचय गराउँदै सुरु भएको नाइमा नेपाल मोबिलिटी एक्स्पो आज सोमबार सकिँदै छ। यो एस्पो देशकै सबैभन्दा ठूलो सवारी प्रदर्शनी भएको दाबी गरिएको छ। जहाँ ५० भन्दा बढी गाडी कम्पनीहरूले आफ्ना नयाँ मोडल र प्रविधिहरू प्रदर्शन गरेका छन्। देशको अर्थतन्त्रमा अटोमोबाइल क्षेत्रको योगदान, विद्युतीय सवारी साधनप्रतिको बढ्दो आकर्षण र नीति निर्माताहरूसँगको सहकार्यका विषयमा चासो बढीरहेका बेला यो प्रदर्शनीले नयाँ बहसको सुरुवात गरेको छ। यसै सन्दर्भमा हाम्रा सहकर्मी *नवराज चालिसे*ले एक्स्पोको आयोजक संस्था ‘नेपाल अटोमोबाइल इम्पोर्टर्स एण्ड म्यानुफ्याक्चरर्स एशोसिएसन’का अध्यक्ष *रितु सिंह वैद्य*सँग एक्स्पोको उद्देश्य प्राप्ति, विद्युतीय सवारीसाधनको भविष्य र नेपालमा अटोमोबाइल बजारसँग जोडिएका चुनौतीहरूबारे अध्यक्ष वैद्यसँग गरेको संवादको सम्पादित अंश।



**नाइमा नेपालले पहिलोपटक एक्स्पो आयोजना गर्दा कस्तो अनुभव भइरहेको छ ?**

हाम्रो अनुभव निकै राम्रो भएको छ। यहाँ ५० वटा ब्राण्डको मेहनत जोडिएको छ। अर्गनाइजेसनदेखि स्टल निर्माणसम्म सबै काम हामी आफैंले गरेका छौं। यसले उत्साह बढाएको छ।

**नाइमा जुन उद्देश्यले खोलिएको हो, त्यही अनुसार काम भइरहेको छ ?**

नाइमा नेपाल अटोमोबाइल्स इम्पोर्टर्स एण्ड म्यानुफ्याक्चर्स एशोसिएसन गाडी आयातकर्ता र उत्पादक मिलेर गठन गरिएको संस्था हो। हाम्रो उद्देश्य भनेको उत्पादक र आयातकर्ताका साझा हितका विषयमा नेतृत्व लिनु हो। स्पेयर पार्ट्सदेखि डिलर नेटवर्कसम्मका समस्या यस संस्थामार्फत सम्बोधन गर्ने लक्ष्य छ।



> ‘नेपालमा सवारीसाधन एसेम्बलिङ्को चरण सुरू भइसकेको छ, दुईपांग्रे र चारपांग्रे दुवैमा केही कम्पनीहरूले काम थालेका छन्। भविष्यमा नीतिगत सहजता हुँदै गयो भने गाडी उत्पादन गर्ने धेरै कम्पनीहरू आउँछन्’

**मोबिलिटी एक्स्पोको मुख्य आकर्षण के रह्यो ?**

५० वटा ब्राण्ड र ३५ नयाँ मोडल सार्वजनिक हुनु नै मुख्य आकर्षण हो। इन्टेरियर लेआउट फराकिलो बनाइएको छ, सुरक्षाको राम्रो व्यवस्था छ र एम्बुलेन्स तयारी अवस्थामा राखिएको छ।

**एक्स्पोबाट कस्तो अपेक्षा गर्नुभएको छ ?**

हामी चाहन्छौं, यहाँ प्रदर्शन भएका सबै ब्राण्डको राम्रो व्यवसाय होस् र ग्राहकलाई सजिलो होस्। दशैं नजिकिँदै छ, त्यसैले यही एक्स्पोलाई दशैंको सुरुवातको रूपमा महसुस गरेका छौं।

**नेपालमा ईभी गाडीको आकर्षण बढेको छ, वर्तमान अवस्था कस्तो छ ?**

ईभीमा ड्युटी बेनिफिट भएकाले ग्राहकलाई फाइदा पुगेको छ, जसले गर्दा धेरैले गाडी किन्न सकेका छन्। तर, सरकारले नीतिलाई अझ स्पष्ट र दीर्घकालीन बनाउन सक्यो भने यो उद्योग अझ बढ्छ। अटो क्षेत्रलाई कर उठाउने माध्यम मात्रै नबनाई सजिलो बनाउनुपर्छ।

**नेपालको जलविद्युत् सम्भावना र ईभीको भविष्यबारे के विचार छ ?**

सरकारको सोच पनि ईभी प्रवर्द्धनमै देखिन्छ। तर, ट्राफिकमा विविध प्रकारका गाडी आवश्यक छन्। ईभीका अतिरिक्त, लोडसेडिङ भइरहेको उद्योग क्षेत्रमा पनि सुधार आवश्यक छ।

**सडक सुरक्षा र सार्वजनिक यातायातमा सुधारका लागि नाइमाले कस्तो पहल गर्दैछ ?**

हामीले नाइमाभित्र ६-७ वटा कमिटी गठन गरेका छौं, जसमा ट्राफिक र पूर्वाधारसम्बन्धी कमिटी पनि छन्। कानून र नियमलाई सुधार्नुपर्छ, यात्रु शिक्षामा ध्यान दिनुपर्छ। व्यापारीले केवल गाडी बेचेर मात्र होइन, त्यसको व्यवस्थापनमा पनि ध्यान दिनुपर्छ भन्ने मान्यता हामी राख्छौं।

**कानूनी सुधारका प्राथमिकता के हुन सक्छन ?**

सरकारले विद्यमान कानूनमा धेरै सुधार गर्नुपर्ने देखिन्छ। जस्तो, पूर्वाधार, नियमन, कानूनी जानकारी, कर्तव्य संरचना र आर्थिक व्यवस्थापनमा एकरूपता ल्याउनुपर्छ।

**हाम्रो सडक पूर्वाधार कमजोर छ। यस्तो अवस्थामा धेरै गाडी आयात हुँदा समस्या झनै बढेर जाने हुन सक्छ। यसमा तपाईंहरू कस्तो समाधान देख्नुहुन्छ ?**

सरकारले मेट्रो, मोनोरेल वा अन्य द्रुत सार्वजनिक यातायातको विकास गरे ट्राफिक समस्या घट्छ। कुनै पनि व्यक्ति ट्राफिक समस्या झेल्दै यात्रा गर्न चाहँदैन। त्यसैले, सरकारले पनि निजी क्षेत्रसँग मिलेर नीतिगत तहमा काम गर्न सक्छ। नीतिगत स्थिरता र विकासका लागि दीर्घकालीन योजना आवश्यक छ। बारम्बार ड्युटी र कानून परिवर्तन हुँदा निजी क्षेत्रको मनोबल घट्छ। जसले हामीलाई मात्रै होइन, सबै क्षेत्रमा असर गर्छ।

**अटो क्षेत्रको विकासका लागि व्यवसायीका विभिन्न छाता संगठनबीच सहकार्य हुन सक्छ ?**

सबैको अन्तिम उद्देश्य एउटै हो– समृद्धि। सहकार्य गरे हामी समृद्ध देश बन्न सक्छौं। सबै मिलेर अगाडी बढ्दा जागिर खोज्ने र उद्यम गर्नेहरू सबैको विकास हुन्छ। त्यसो भयो भने देश समृद्ध हुन्छ।

**नाडा अटो शो र नाइमा एस्पोबीच प्रतिस्पर्धाको कुरा आएको छ नि ?**

प्रतिस्पर्धा होइन, हामी एउटै क्षेत्रका सहकर्मी हौं। नाडाका साथीहरू पनि हाम्रो एक्स्पोमा आउनुभएको छ। हामी पनि उहाँहरूले आयोजना गर्ने प्रदर्शनीमा जान्छौं। त्यसैले, हामी एक अर्काको विरुद्धमा छैनौं। हामीहरू भविष्यमा एउटै छातामुनि आउन सक्ने सम्भावना पनि छ।

> ‘हाम्रो उद्देश्य भनेको उत्पादक र आयातकर्ताका साझा हितका विषयमा नेतृत्व लिनु हो। स्पेयर पार्ट्सदेखि डिलर नेटवर्कसम्मका समस्या यस संस्थामार्फत सम्बोधन गर्ने लक्ष्य छ।’

**एक्स्पोको उद्घाटन सत्रमा अर्थमन्त्री विष्णुप्रसाद पौडेलसँग भेट्दा के कुरा भयो ?**

हामीले हाम्रो कुरा स्पष्टसँग राखेका छौं। नीतिगत स्थिरता र राम्रो पूर्वाधारको माग राख्यौं। साथै, भृकुटीमण्डपलाई नयाँ पूर्वाधारसहित अन्तर्राष्ट्रिय स्तरको बनाइदिन आग्रह गर्यौं, जसमा उहाँले आश्वासन दिनुभयो।

**नाइमाको आगामी योजना के छ ?**

अवलोकनकर्ताको उत्साहजनक उपस्थिति भएपछि प्रदर्शनी सोमबारसम्म लम्ब्याएका छौं। सोमबार प्रदर्शनीको अन्तिम दिन हुनेछ। त्यसपछि हामी हाम्रो कामलाई लगातार अगाडि बढाउनेछौं। हरेक महिना ‘मोबिलिटी संवाद’ श्रृंखला सञ्चालन गर्नेछौं, जसमा ट्राफिक र यातायात शिक्षा समेटिनेछ।

**सार्वजनिक यातायातको सुधारबारे केही सोच्नुभएको छ ?**

मानिसलाई झुन्डिएर यात्रा गर्नुपर्ने अवस्था कानूनी कमजोरी हो। कानून सुधार, व्यापार प्रवर्द्धन र ट्राफिक व्यवस्थापनमा ध्यान दिनुपर्छ। हामी सरकारलाई सहयोग गर्न तयार छौं।

**पुराना गाडी विस्थापनको विषयमा नाइमाले केही भूमिका खेल्न सक्छ ?**

हामी नाइमाबाट पक्कै पनि काम गर्नेछौं। नाइमाले सरकारसँग सहकार्य गर्दै सुझाव र सुधार योजनामा काम गर्नेछ।

**नेपालमा गाडी उत्पादनको सम्भावना देख्नुहुन्छ ?**

एसेम्बलिङको चरण सुरु भइसकेको छ। दुईपांग्रे र चारपांग्रे दुवैमा केही कम्पनीहरूले काम थालेका छन्। ईभीका लागि सरकारी नीति सकारात्मक छ, तर पूर्वाधारमा अझै काम गर्नुपर्छ। भविश्यमा नीतिगत सहजता हुँदै गयो भने नेपालमा गाडी उत्पादन गर्ने अन्य धेरै कम्पनीहरू खुल्न सक्छन्।

**बैंक र कर्जा सुविधाको अवस्था कस्तो छ ?**

गाडी खरिदका लागि बैंकहरूले अहिले सहजै कर्जा सुविधा उपलब्ध गराएका छन्। तर, डाउनपेमेन्टको अनुपात सहज पार्न माग गरेका छौं। केन्द्रीय बैंकले आगामी दिनहरूमा यसको सम्बोधन गर्छ भन्ने अपेक्षा गरेका छौं। तर, अहिले जे-जस्तो व्यवस्था छ, त्यसलाई मानेर अगाडि बढ्नुपर्छ।

**एक्स्पोमा युवाको उपस्थिति कस्तो रह्यो ?**

धेरैजसो आगन्तुक युवावर्ग छन्, उनीहरूको उत्साह नै हाम्रो ऊर्जा हो। प्रदर्शनीमा राखिएका गाडीमा अवलोकनकर्ताले उत्साहित भएर प्रश्नहरू गरेको अवस्था छ। धेरैले गाडी बुकिङ गर्नुभएको अवस्था छ।

**अन्त्यमा एक्स्पोबारे के भन्नुहुन्छ ?**

प्रदर्शनी अब सोमबार सकिदै छ। जो-जो आउनुभएको छैन उहाँहरूलाई भृकुटीमण्डपमा आएर गाडी हेर्न र अनुभव लिन आग्रह गर्दछु। गाडी किन्न चाहनेहरूका लागि यो उत्तम अवसर पनि हो।

# फोटोनको मेगा मनसुन सर्भिस क्याम्प




काठमाडौं (संवाददाता)- फोटोन नेपालले देशभरका सबै आधिकारिक सर्भिस सेन्टरहरूमा आफ्नो बृहत् मेगा मनसुन सर्भिस क्याम्प औपचारिक रूपमा सुरु गरेको छ। फोटोन सवारी धनीहरूलाई वर्षायामका चुनौतीपूर्ण परिस्थितिका लागि सवारी साधनलाई तयारी अवस्थामा राख्न सहयोग गर्ने उद्देश्यले मेगा मनसुन सर्भिस क्याम्प सुरु गरेको हो।


पिकअप ट्रक, इलेक्ट्रिक भ्यान, मिनी ट्रकदेखि लिएर सबै हेभी कमर्सियल गाडी सबैलाई फोटोन यो सेवाले समेट्ने आयोजकले जनाएको छ। सहभागीहरूले क्याम्प अवधिभर स्पेयर पार्टस्, सर्भिस चार्ज र लुब्रिकेन्टमा १५ प्रतिशतसम्म छुट पाउनेछन्। प्याकेजमा निःशुल्क सवारी वाश र ग्रीजिङ सेवासमेत समावेश छ। यो सेवाले वर्षायामको हिलो सडकमा विशेष लाभदायक हुने आयोजकको दाबी छ। साथै, ग्राहकहरूका लागि निःशुल्क आँखाको स्वास्थ्य परीक्षण पनि उपलब्ध हुनेछ। जसले सवारीसाधन मात्र होइन, चालकको सम्पूर्ण स्वास्थ्यप्रति पनि फोटोनको प्रतिबद्धतालाई मजबुत बनाउने फोटोन नेपालले जनाएको छ।

फोटोन टोटल केयरका दक्ष प्राविधिकहरूले प्रत्येक सर्भिस स्टेसनमा निःशुल्क विस्तृत सवारी परीक्षण गर्नेछन्। यी जाँचहरूले पावरट्रेन, इलेक्ट्रिकल कम्पोनेन्ट, चेसिस र संरचनात्मक भागसहितका सबै महत्त्वपूर्ण प्रणालीलाई समेट्नेछन्। यसले सवारीलाई पूर्णरूपमा तयार अवस्थामा राख्ने आयोजकको भनाइ छ।

यस सर्भिस क्याम्पको समय वर्षायाममा व्यावसायिक तथा व्यक्तिगत दुवै प्रकारका सवारीहरूमा ज्यादा आइपर्ने समस्यालाई ध्यानमा राखेर तय गरिएको हो। यसमा सहभागी भएर गाडी धनीहरूले सवारीको भरपर्दो सञ्चालन कायम राख्न र प्रतिकूल मौसममा आइपर्ने आकस्मिक मेकानिकल खराबीहरूबाट बच्न सक्नेछन्। यो अभियान गुणस्तरीय सर्भिस, अथेन्टिक पार्टस् र दक्ष प्राविधिकहरू मार्फत व्यापक आफ्टर सेल्स सर्भिस र ग्राहक सेवाप्रति फोटोनले दर्शाएको प्रतिबद्धताको उदाहरण हुने पनि आयोजकको दाबी छ।

आयोजकका अनुसार मेगा मनसुन सर्भिस क्याम्प दुई महिनासम्म नेपालभरका आधिकारिक सर्भिस नेटवर्कमा सञ्चालन हुनेछ। फोटोनले सबै सवारी धनीलाई यस विशेष अवसरको उपयोग गर्न प्रोत्साहित गरेको छ। एमएडब्लू वृद्धि कमर्शियल नेपालमा फोटोनको आधिकारिक वितरक हो। विश्वमा लोकप्रिय व्यावसायिक सवारी, प्यासेन्जर सवारी र न्यू इनर्जी सोलुसन्समा विशेषज्ञता राख्ने अटोमोबाइल ब्रान्ड हो। गुणस्तर, दिगोपन र इनोभेसनमा समर्पित एमएडब्लू वृद्धि कमर्सियलले प्रोफेसनल आफ्टर सेल्स सर्भिस र देशभर फैलिएको बलियो नेटवर्कमार्फत नेपालमा फोटोनका विश्वस्तरीय उत्पादनहरू प्रस्तुत गरेको छ। व्यावसायिक गतिविधिलाई गतिशील बनाउन अग्रणी भूमिका खेलिरहेको यस कम्पनीले नेपालको अटोमोबाइल क्षेत्रमा नयाँ मापदण्डहरू कायम

# एक्स्पोमा हुन्डाइको गाडी हेर्नेको भीड



काठमाडौं (संवाददाता)- काठमाडौंको भृकुटीमण्डपमा जारी नाइमा नेपाल मोबिलिटी एक्स्पो-२०२५ मा हुन्डाइ ब्राण्डका गाडीको स्टलमा अवलोकनकर्ताको भीड लागेको छ। एक्स्पोमा हुन्डाइ ब्राण्डका गाडीको बारे बुझ्ने, हेर्ने र खरिद बुकिङ गर्ने ग्राहकको भीड देखिएको हो।

एक्स्पोमा आउने अवलोकनकर्ता एवं ग्राहकबाट अभूतपूर्व प्रतिक्रिया प्राप्त भइरहेको र यसले हुन्डाइलाई नेपालको विश्वासनीय र सम्मानित ब्राण्डको रूपमा अझ मजबुत बनाएको नेपालका लागि हुन्डाइको आधिकारिक बिक्रेता लक्ष्मी इन्टरकन्टिनेन्टल प्रालिले जनाएको छ। लक्ष्मी इन्टरकन्टिनेन्टल प्रालिले नेपालमा हुन्डाइ गाडीहरूको एकमात्र आधिकारिक वितरकका रूपमा सन् २००९ को फेब्रुवरीदेखि काम गर्दै आइरहेको छ। हुन्डाइ नेपालले सुरुवातमा एक विश्वासनीय आयातकको रूपमा आफ्नो यात्रा आरम्भ गरेको थियो। कम्पनीले विगतका वर्षहरूमा सान्ट्रो, ग्राण्ड-आई १०, नियोस, आइ-२०, औरा, भेन्यू, भेर्ना, क्रेटा, टक्सन, सान्टा फे र पालिसाडे जस्ता लोकप्रिय मोडेलहरू बजारमा ल्याएको छ। यसका साथै आइयोनिक फाइभ, इलेक्ट्रिक, कोना इलेक्ट्रिक र क्रेटा इलेक्ट्रिक जस्ता आधुनिक विद्युतीय सवारीसाधनहरू पनि उपलब्ध छन्। यी अध्याधुनिक सवारी साधन भरपर्दोपन, इन्धन बचत र स्थायित्वका लागि परिचित बनाएका छन्।

कम्पनीले ग्राहकलाई उच्च प्राथमिकता दिँदै आधुनिक र पूर्ण सुविधा सम्पन्न शो-रूम, अत्याधुनिक सर्भिस सुविधा, र ललितपुरस्थित नेपालको पहिलो हुन्डाइ ट्रेनिङ एकेडेमीमा तालिमप्राप्त प्रमाणित प्राविधिकहरूको बलियो संयन्त्र सञ्चालनमा ल्याएको छ। यसले बिक्री पश्चात सेवालाई अझ सहज, भरपर्दो र दीर्घकालसम्म सन्तोषजनक बनाएको छ।

२०८१ बैशाख २८ गते लक्ष्मी मोटर कर्पोरेसन, लक्ष्मी ग्रुपको सहायक कम्पनीले रामग्राम, परासीमा पहिलो कार असेंबली प्लान्टको उद्घाटन गरी नेपालमा उत्पादन गरिएका हुन्डाइ सवारीसाधनहरूको युगको सुरुवात समेत गरिसकेको छ। नेपालमा पहिलो पटक भेन्यु मोडेलको उत्पादन सुरु गरिएको थियो। यसपछि विस्तारै क्रेटा मोडेलको उत्पादन पनि सुरु गरिएको छ। भविष्यमा थप मोडेलहरूको उत्पादन गर्ने योजना रहेको कम्पनीले जनाएको छ।

कम्पनीको यो उपलब्धिले नेपालका अटोमोटिभ उद्योगमा नयाँ युगको सुरुवात गर्दै, स्थानीय निर्माण र राष्ट्रिय गर्वको प्रवर्द्धन गरेको छ। सन् २००९ मा विश्वसनीय आयातकर्ताको रूपमा सुरु भएको हुन्डाइ नेपालको यात्रा आज ‘मेड इन नेपाल’ सम्मको उपलब्धी हासिल हुँदा दृष्टि, दृढता र ग्राहक सन्तुष्टिप्रतिको अटुट प्रतिबद्धताको प्रतीक बनेको कम्पनीको दाबी छ।

# बेलहिया नाकाबाट दैनिक १३ सय गाडी, पाँच हजार भारतीय पर्यटक

प्रकाश न्यौपाने
भैरहवा, साउन २५

नेपाल घुम्नेमा भारतीय पर्यटकको संख्या सबैभन्दा बढी छ। खासगरी सीमा क्षेत्रका बजारहरूमा खानपिन र रमाउन आउने भारतीयहरू अझ बढी छन्। सीमा नजिकका बजारमा आउने अधिकांश भारतीयले निःशुल्क भन्सार सुविधा लिन्छन् भने टाढा पर्ने पर्यटकीय गन्तव्यमा पुग्नेले सवारी साधनको प्रकृति हेरेर शुल्क तिरेर अस्थायी पैठारी सुविधा लिने गर्दछन्।



रुपन्देहीको बेलहिया नाकाबाट मात्रै दैनिक करिब १३०० भारतीय सवारी नेपाल भित्रिने गरेको भैरहवा भन्सार कार्यालयले जनाएको छ। कार्यालयका अनुसार भैरहवा, बुटवल, लुम्बिनीसहित मुलुकका अन्य पर्यटकीय गन्तव्यमा घुम्न जानका लागि भारतीयहरू सवारीसाधन लिएर नेपाल आउने गरेका हुन्। कतिपय भारतीयहरू नेपालमा व्यापार व्यवसाय र मजदुरीका लागि आउने गरेका छन्।

केही भारतीय पर्यटक सीमा क्षेत्र भैरहवा र आसपासमा रहेका क्यासिनो खेल्न, होटलहरूमा विवाह, व्यवसायिक भेटभाट, होटल तथा रेष्टुरेन्टमा खान, बस्न र रमाउन आउने गरेका छन्। भैरहवा भन्सार कार्यालयको गत आर्थिक वर्ष २०८१/२०८२ को तथ्यांकअनुसार बेलहिया नाकाबाट मात्रै एक वर्षमा भारतीय नागरिक सवार ४ लाख ७३ हजार ५३८ सानाठूला सवारी नेपाल आएका छन्।

भन्सार प्रमुख रामप्रसाद रेग्मीले सुविधा (नजिकको बजारसम्मका लागि शुल्क तिर्न नपर्ने) सवारीहरू कार, जिप, मोटरसाइकल र बस गरी एक वर्षमा ३ लाख ५१ हजार ७४८ वटा भित्रिएको बताए। जसमा मोटरसाइकल २ लाख २४ हजार ४८८, कार, जिप र भ्यान १ लाख २७ हजार २६० छन्। भन्सार कार्यालयका अनुसार सुविधा लिने गाडी दैनिक ९ भन्दा सय बढी छन्।

अस्थायी पैठारी (शुल्क तिरेर) १ लाख २१ हजार ७९० वटा सवारी नेपाल आएका छन्। यसमा बस तथा मिनी बस १२ हजार ५६३, कार, जिप र भ्यान ७२ हजार ४४३ र मोटरसाइकल ३६ हजार ८११ छन्। यस हिसाबले भन्सार शुल्क तिरेरै दैनिक ३ सय बढी सवारीमा भारतीयहरू बेलहिया नाका हुँदै नेपाल आएको देखिन्छ।

कार्यालयका अनुसार बस तथा मिनी बस, कार, जिप र भ्यानको सुविधा लिँदा दैनिक ६ सय र मोटरसाइकलको दैनिक २ सय रुपैयाँ तिनुपर्छ। यस्ता सवारीलाई एक वर्षमा बढीमा ३० दिनको सुविधा दिने गरिएको रेग्मीले जनाए।

पर्यटन व्यवसायीहरूका अनुसार बेलहिया नाका हुँदै भित्रिने भारतीय सवारीमा कम्तिमा दैनिक ५ हजार भारतीयहरू नेपाल आउने गरेका छन्। यो तथ्यांक सवारी साधन प्रयोग गरेर आउनेको मात्रै हो। यसबाहेक सवारीबिनै नेपाल प्रवेश गर्नेको तथ्यांक कहीँ कतै छैन। यस्तो संख्या पनि दैनिक ४/५ सय हाराहारी रहेको पर्यटन व्यवसायी किशोर जोशी बताउँछन्।

'हाम्रा धेरै पाहुना भनेकै भारतीयहरू हुन्, उनीहरूलाई नाकामा थप सहज गरे धेरैभन्दा धेरै ल्याउन सकिन्छ', उनले भने, 'यसका लागि निजी क्षेत्रले स्वागत-सत्कार, बोलीचाली उनीहरूको आवश्यकता अनुसारको खानाबस्नको व्यवस्था गर्नुपर्छ। सरकारले नाका व्यवस्थापन, भन्सार शुल्कमा छुट, जथाभावी हुने चेकिङलाई एकद्वारा गराउनुपर्छ।'सवारीसहित सुविधा लिएर नेपाल प्रवेश गर्ने भारतीयहरूको मुख्य गन्तव्य भनेकै लुम्बिनी, भैरहवा आसपासका क्यासिनो र स्पा हुन्। यस्तै, केही संख्यामा रोजगारीका लागि आउने गरेका छन् भने केही व्यापार गर्न आउने गरेको जोशी बताउँछन्।

सिद्धार्थ उद्योग बाणिज्य संघ, रुपन्देहीका पूर्वअध्यक्ष विष्णुप्रसाद शर्माले भन्सार शुल्क तिरेर आउने धेरै पर्यटक लुम्बिनी घुमेर पाल्पा, पोखरा, चितवन, मुक्तिनाथ, काठमाडौंसम्म पुग्ने गरेको बताए। 'भारतीय भनेका खर्चालु पर्यटक हुन्। तर, हाम्रा कुनै पनि निकायले भारतीयलाई पर्यटकको व्यवहार गर्दैनन्', उनले भने, 'नाका र भन्सारमा उस्तै झन्झट छ। दुःख दिनकै लागि ठाउँठाउँमा प्रहरी चेकिङ हुन्छ। यसलाई हटाउन जरुरी छ।'

शर्माले भारतीय पर्यटकलाई भन्सार र नेपालमा लाग्ने अन्य शुल्क तिर्नका लागि अनलाइन सुविधाको व्यवस्था गर्न जरुरी रहेको बताए। 'अनलाइन पेमेन्टको सुविधा हुने हो भने भन्सारमा आएर घण्टौंसम्म लाइन बसेर शुल्क तिर्नु पर्दैन', उनले भने, 'बुटवल-नारायणगढ सडक लगायतका कारण पनि भारतीयहरू भनेजति नेपालमा आकर्षित हुन सकेका छैनन्। सडक संजाल राम्रो हुने, अनलाइन सुविधा हुने र राम्रो व्यवहार पाउने हो भने थेगिनसक्नु भारतीय पर्यटक नेपाल आउँछन्।'

भैरहवाको एशियन बुद्ध होटलका जनरल म्यानेजर ओमप्रकाश पाण्डेले रुपन्देहीसहित नेपालका मुख्य गन्तव्यहरूमा आउने धेरै पर्यटकहरूमा भारतीय नै पर्ने जनाए। उनले बर्खाको मौसममा केही मात्रामा घटे पनि अन्य समयमा भारतीय पर्यटक उल्लेख्य मात्रामा आउने गरेको सुनाए। 'हामीले जति यहाँका होटल तथा रेष्टुरेन्ट हेर्छौं, धेरैमा भारतीय पर्यटक नै भेटिन्छन्। उनीहरू अन्य मुलुकका भन्दा खर्चालु पनि हुन्छन्', उनले भने, 'हामीलाई चाहिएको क्वालिटी पर्यटक हो, त्यसमा भारतीय बढी छन्।'

उनले धेरै पर्यटकले अनलाइन पेमेन्टको सुविधा नहुँदा समस्या भएको गुनासो गर्ने गरेको बताए। व्यवसायीहरूका अनुसार पछिल्ला वर्षहरूमा रुपन्देहीका ठूला होटलहरूमा भारतीय व्यवसायीहरूले विवाह र खानपिनका ठूला समारोह गर्न अधिक मात्रामा आउने गरेका छन्।

खासमा सीमा क्षेत्र र नेपालका मुख्य धार्मिक पर्यटकीय गन्तव्यहरू भारतीय पर्यटकले नै धानेका छन्। व्यवसायीको कुरा मान्ने हो भने तेस्रो मुलुकका भन्दा भारतीय पर्यटक बढी खर्चालु हुन्छन्। यसैले होला रुपन्देहीका सीमा क्षेत्रमा तारे होटलदेखि स-साना रेष्टुरेन्ट अधिक खुलेका छन्। यस्ता होटल तथा रेष्टुरेन्टमा भारतीय पर्यटक बढी भेटिन्छन्।

अन्य मुलुकका पर्यटकलाई जस्तो भारतीलाई नेपाल प्रवेशमा भिसा लगायतका झन्झटिला प्रक्रिया पूरा गर्नु पर्दैन। यसैले पनि डेढ अर्ब जनसंख्या भएको मुलुक भारतबाट ३ प्रतिशत मात्रै पर्यटक ल्याउन सक्दामात्रै नेपालले पर्यटनबाटै मनग्य लाभ उठाउन सक्ने शर्माले बताए।

# रुग्ण ठेक्कामा मन्त्रालयको चासो

काठमाडौं (संवाददाता)- भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयले अलपत्र परेका आयोजना अगाडि बढाउन रुग्ण ठेक्काबारे चासो देखाएको छ। मन्त्रालयले आइतबार अलपत्र परेका आयोजनाका प्रमुखहरूलाई बोलाएर ठप्प अवस्थामा रहेका आयोजनाको समस्या बारे छलफल गरेको हो। सडक विभागको गत आर्थिक वर्षको कार्यसम्पादन समीक्षापछि कार्यान्वयनमा अवरोध र तिनको समाधानका उपाय खोज्ने उद्देश्यले सम्बन्धित आयोजनाका प्रमुखहरूसँग छलफल गरेको हो।

पूर्वाधार आयोजनाको रुग्ण ठेक्काको समस्या समाधान गर्न यो विषयलाई प्राथमिकतामा राखेर आयोजना प्रमुखहरूसँग छलफल गरेको भौतिक पूर्वाधार तथा यातायात मन्त्री देवेन्द्र दाहालले बताए।

'देशभरिका कार्यालय प्रमुखहरू काठमाडौं आएको समय पारी रुग्ण ठेक्का व्यवस्थापनका बारेमा सुक्ष्म ढंगले छलफल थालेका छौं', उनले भने, 'बजेट कार्यान्वयन गर्न आयोजना प्रमुखहरूलाई धेरै दिन काठमाडौंमा राख्न उपयुक्त हुँदैन, त्यसैले बिदाको दिन पनि छलफल गरेका हौं।'

वार्षिक समीक्षा गोष्ठीमा समेत मन्त्री दाहालले रुग्ण ठेक्का व्यवस्थापन र बेरुजु फछ्र्योटलाई प्राथमिकतामा राखेर काम गर्न निर्देशन दिएका थिए। आयोजनाहरू सुरु हुने तर निर्धारित समयमा नै पूरा नभई वर्षौं अलपत्र हुने अवस्थाको अन्त्यका लागि मन्त्री दाहालले कार्यभार सम्हाले देखिनै विशेष चासो राख्दै आएका छन्।

अन्य मन्त्रालय तथा कार्यालयभन्दा भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयको कार्य क्षेत्रसमेत फरक रहेका कारण बिदाका दिन अनिवार्य छुट्टी बस्ने सुविधा नहुने मन्त्रालयका सचिव केशवकुमार शर्माले बताए।

'सडकका कर्मचारीले १० बजेदेखि साँझ ५ बजेसम्म काम गरेर पुग्दैन, जुनसुकै बेला पनि फिल्डमा खटिन तयार हुनुपर्छ', उनले भने, 'त्यसैगरी चालु आर्थिक वर्षका लागि कर्मचारीहरू कार्यालयमा जानुअघि रुग्ण ठेक्का व्यवस्थापनमा विशेष ध्यान दिँदै निकासका लागि सहजीकरण गर्न बिदाका दिन पनि काम गरिएको हो।'

चार संघीय सुपरीवेक्षण तथा अनुगमन कार्यालय तथा विभिन्न आयोजनामा रहेका रुग्ण ठेक्का व्यवस्थापनका लागि छलफल गरिएको हो। छलफलमा सडक विभागका महानिर्देशक विजय जैसी, उपमहानिर्देशकहरू, आयोजना प्रमुखहरू तथा विभिन्न कार्यालयका प्रमुखहरूको सहभागिता रहेको थियो।

# एउटै फार्मबाट ११ करोड अण्डा



चितवन (संवाददाता)- आईपीओ जारी गर्ने तयारीमा रहेको दाउन्ने एग्रो फार्म लिमिटेडले एक वर्षमा ११ करोड ११ लाख ४२ हजार अण्डा उत्पादन गरेको छ। गत आर्थिक वर्षमा कम्पनीले पाँच लाख २९ हजार २५० पेटी अण्डा उत्पादन गरेर बिक्री गरेको हो।

कम्पनीको आइतबार सम्पन्न साधारणसभा कम्पनीका अध्यक्ष विनोद पोखरेलले दैनिक एक हजार चार सय ५० पेटी अण्डा उत्पादन हुँदै आएको बताएका छन्। कम्पनीले नवलपरासीको (सुस्ता-त्रिवेणी पूर्व) विनयी त्रिवेणी गाउँपालिका वडा नं.३ को सर्दीमा करिब ११ बिघामा फैलिएको फार्ममा कुखुरापालन गर्दै आएको छ। फार्ममा अहिले चार लाख कुखुरा छन्। निकट भविष्यमै छ लाख कुखुरा पुऱ्याउने लक्ष्य लिइएको अध्यक्ष पोखरेलले बताए।

कम्पनीले गत आर्थिक वर्षमा आठ करोड १५ लाख ९० हजार नौ रुपैयाँ नाफा गरेको छ। यस्तै, कम्पनीले प्रतिशेयर १८.३७ रुपैयाँ आम्दानी गरेको छ।

अध्यक्ष पोखरेलले पेस गरेको प्रगति प्रतिवेदनमा आर्थिक वर्ष २०८०/८१ मा प्रतिशेयर ३.६४ रुपैयाँ आम्दानी गरेको कम्पनीले गत आर्थिक वर्ष प्रतिशेयर आम्दानी बढाएको छ। आर्थिक वर्ष २०८०/८१ मा कम्पनीले दुई करोड ६३ लाख नाफा गरेको थियो। त्यसवर्ष कम्पनीको चुक्ता पूँजी २७ करोड रहेकोमा गत आर्थिक वर्षमा चुक्ता पूँजी बढेर ५० करोड पुगेको छ।

साधारणसभाले कम्पनीको २०८१/८२ को आर्थिक तथा प्रगति प्रतिवेदन सर्वसम्मत रुपमा पारित गरेको छ।

# 'नेपालगञ्ज-दिल्ली हवाई उडानका लागि पहल भएन'

काठमाडौं (संवाददाता)- नेपाल उद्योग वाणिज्य महासंघका अध्यक्ष चन्द्रप्रसाद ढकालले नेपालगन्ज-दिल्ली सिधा हवाई उडानको लागि प्रभावकारी पहल आवश्यक भएको बताएका छन्। नेपालगञ्ज-दिल्ली सिधा हवाई उडानको सन्दर्भमा नेपाल उद्योग वाणिज्य संघ बांकेको आयोजना तथा नेपाल उद्योग वाणिज्य महासंघको सहकार्यमा आइतबार काठमाडौंमा आयोजित कार्यक्रममा बोल्दै अध्यक्ष ढकालले नेपालगञ्ज-दिल्ली सिधा हवाई उडान गर्न सके त्यस क्षेत्रको विकासमा टेवा पुग्ने बताएका हुन्।

नेपालजञ्ज दिल्ली हवाई उडान सम्भव भएमा लुम्बिनी, कर्णाली र सुदूरपश्चिम प्रदेशको समग्र विकासलाई सहयोग पुग्ने उनले बताए। अध्यक्ष ढकालले प्रधानमन्त्री केपी शर्मा ओलीको आशन्न भारत भ्रमणमा यो एजेण्डालाई प्राथमिकताका साथ उठाउन महासंघको तर्फबाट प्रधानमन्त्री समक्ष आग्रह गर्ने पनि बताए। त्यसका लागि सबै व्यवसायीले आ-आफ्नो ठाउँबाट पहल गर्नुपर्ने पनि बताए।

यस्तै अध्यक्ष ढकालले पर्यटन पूर्वाधारमा राज्यको ठूलो लगानी भइसकको अवस्थामा निर्माण भएका विमानस्थलहरूको प्रभावकारी सञ्चालन आवश्यक रहेको समेत बताउनु भयो।

'नेपालगन्ज, जसलाई पश्चिम नेपालको प्रवेशद्वारको रूपमा चिनिन्छ। पूर्वाधार बनेको छ। बर्दिया र बाँके राष्ट्रिय निकुञ्ज सहित लुम्बिनी जस्ता गन्तव्यहरूमा भारतीय पर्यटकहरूको लागि महत्वपूर्ण प्रवेश हुन सक्छ। सीमा क्षेत्र भएकाले कार्यक्रम र विवाह (इभेन्ट र वेडिङ) का लागि पनि यो क्षेत्रको व्यापक सम्भावना छ' उनले भने।

देशको आर्थिक विकासका लागि निजी क्षेत्रले ठूलो लगानी गरिसकेको उल्लेख गर्दै देशमा नै केही गर्न सकिन्छ भन्ने मनोविज्ञानका साथ काम गर्न सके यसबाट प्रतिफल प्राप्त गर्न सकिने धारणा राखे।

# 'औद्योगिकीकरणले अर्थतन्त्र बलियो हुन्छ'



पोखरा (संवाददाता)- नेपालका लागि बंगलादेशका राजदूत मोहम्मद सापिकुर रहमानले औद्योगिकरणले मात्र देशको अर्थतन्त्र बलियो हुने बताएका छन्। पोखरा उद्योग वाणिज्य संघको प्रतिनिधिमण्डलसँगको अन्तरक्रियामा बोल्दै उनले यस्तो बताएका हुन्।

नेपालसहित कम विकसित राष्ट्रहरूले आफ्नो उत्पादन र त्यसको ब्राण्डिङमा ध्यान दिनुपर्नेमा उनले जोड दिए। 'अहिलेको विश्व प्रविधि, भूगोल वा व्यापारले जोडिएको छ,' उनले भने, 'व्यवसायको धर्म र रङ हुँदैन, तर, देशको अर्थतन्त्र माथि उठाउन व्यवसाय गर्नको लागि उत्पादन हुनैपर्छ।'

उनले नेपाल र बंगलादेशबीच कृषि, प्रविधि हस्तान्तरण, आयुर्वेदिक उत्पादन तथा औषधिको क्षेत्रमा सहकार्यको ठूलो सम्भावना रहेको पनि बताए। फूलबारी-बंगलाबन्द मार्गको सहज सञ्चालनबाट दुवै देशले अधिकतम लाभ लिन सक्ने बताउँदै व्यापारलाई भू-राजनीतिक मामिलाबाट टाढा राख्नुपर्ने धारणा राखे। नेपालले उत्पादन गर्ने जलविद्युतका लागि बंगलादेश पनि प्रमुख बजार बन्ने ठूलो सम्भावना रहेको उनले बताए। 'हामीलाई स्वच्छ ऊर्जाको अधिक आवश्यकता भएकाले नेपालसँग अझै बढी विद्युत् खरिद गर्न सक्छौं,' उनले भने, 'नेपालको विद्युत् बजार बंगलादेशमा विस्तार हुँदा त्यहाँको बजारबाट पैसा नेपाल आउन सजिलो छ।

काँकरभित्ता-फूलबारी-बंगालाबन्द व्यापारिक मार्ग सञ्चालन हुनु ठूलो उपलब्धि भएको बताउँदै उनले क्रस बोर्डर भौतिक पूर्वाधार निर्माण तथा भन्सार शुल्कलगायतका विषयमा सुधार गर्नुपर्ने आवश्यकता रहेको औंल्याए। नेपाल र बंगलादेशबीचको पर्यटन प्रवर्द्धन गर्न पोखरा-ढाका सिधा हवाई उडान सुरु गर्न बंगलादेशका हवाइ कम्पनीहरू पोखराबाट उडान भर्न तयार रहेको बताउँदै राजदूत रहमानले यसको प्रक्रियाको सुरुवात भइसकेको बताए। उनले पोखराजस्तो पर्यटकीय सहरमा 'हलाल फुड'को माग हुनसक्ने बताउँदै त्यसका लागि बंगलादेशले सघाउन सक्ने बताए। एलोभेरा र नेपाली पस्मिनाको बंगलादेश राम्रो बजार हुने पनि उनले बताए।

पोखरा उद्योग वाणिज्य संघका अध्यक्ष गोकर्ण कार्कीले बंगालादेशका राष्ट्रपति मोहम्मद अब्दुल हमिमको पोखरा भ्रमणले बंगलादेशमा नेपालबारे प्रचार भएको र त्यहाँबाट आउने पर्यटक संख्या बढ्ने अपेक्षा गरिएको बताए। 'अहिले नेपाल भ्रमण गर्ने बंगलादेशी पर्यटक बढेका छन्। सरकारले बंगलादेशको मुद्रालाई पनि परिवर्त्य मुद्राको रुपमा ग्रहण गर्दै त्यहाँका पर्यटक ल्याउने पहल थालेको छ,' उनले भने, 'पोखराबाट सोझै ढाका उडान हुन सके दुई देशबीचको पर्यटन उद्योग र व्यापारलाई अझ फाइदा पुग्छ।'

कार्कीले नेपालमा उत्पादित चिया, अदुवा अलैंचीलगायतका कृषिजन्य बस्तुको निर्यात बढाउन पनि बंगलादेशले सहजीकरण गरिदिन राजदूत रहमान समक्ष आग्रह गरे। उनले बंगलादेशमा रहेका नेपाली विद्यार्थीहरूको फूलबारी-बंगलाबन्धु मार्गबाट सहज आवत-जावतको प्रबन्धका लागि दुवै देशबीच सहकार्य हुनुपर्नेमा जोड दिए।

पोखरा उद्योग वाणिज्य संघका पूर्वअध्यक्ष विश्वशंकर पालिखेले नेपाल र बंगलादेशबीच सोझो हवाई सम्बन्ध स्थापित हुँदा व्यवसाय स्वतः बढ्ने धारणा राखे। अन्तरक्रियामा पोखरा उद्योग वाणिज्य संघका निवर्तमान अध्यक्ष पवनकुमार प्रजापति, संघका वरिष्ठ उपाध्यक्ष उत्तममान बुद्धाचार्य, उद्योगतर्फका उपाध्यक्ष दीनेशचन्द्र बास्तोला, वाणिज्य उपाध्यक्ष बलराम आचार्य, महासचिव शोभा गौतम, कोषाध्यक्ष मनोजकुमार श्रेष्ठ र उपमहासचिव सुदीप प्रधानांगको उपस्थिति थियो।

# जब अचानक ३.६ अर्ब डलर भयो टुहुरो

नयाँ दिल्ली/गएको जून १२ मा बेलायतको सरेमा पोलो खेल्दै गर्दा भारतीय व्यापारी सञ्जय कपूरको अचानक मृत्यु भयो। यसपछि ५३ वर्षीय कपूरको कम्पनी कसले चलाउने भन्ने उत्तराधिकारको लडाइँ चर्किएको छ। उनको परिवारले ३.६ अर्ब डलरको व्यापारिक साम्राज्य उभ्याएको थियो। अहिले त्यो साम्राज्य कसले चलाउने भन्ने लडाइँ सबैको चासोको विषय बनेको छ।

सञ्जयको कम्पनी सोना कम्स्टारले मोटर-गाडीका विभिन्न अंगहरू बनाउँछ। कम्पनीका भारत, चीन, मेक्सिको र अमेरिकाका विभिन्न ठाउँमा १९ वटा कारखाना सञ्चालनमा छन्।

पोलोप्रेमी कपूर दिल्लीको साम्भ्रान्त सामाजिक वृत्तमा सक्रिय र लोकप्रिय पनि थिए। उनका साथीहरूमा बेलायती राजकुमार विलियम पनि गनिइन्थे। उनले तीन पटक बिहे गरे। पहिलो बिहे डिजाइनर नन्दिता महतानीसँग भयो। उनीसँगको सम्बन्ध अन्त्य भएपछि उनले ९० को दशककी बलिउड बाला करिश्मा कपूरसँग गरे। उनीसँगको पारपाचुकेपछि सन् २०१७ मा पूर्व मोडल र उद्यमी प्रिया सचदेवसँग विवाह बन्धनमा बाँधिए।



जब उनको मृत्यु भयो, उनको व्यावसायिक साम्राज्यको उत्तराधिकार को हुने भन्ने आकलनहरू तीव्र भइरहेका छन्। आकलनको केन्द्रमा उनकी आमा रानी कपूर छिन्। उनी सोना कम्स्टारको पूर्वअध्यक्ष थिइन्।

गएको जुलाई २४ मा, रानी कपूरले सोना कम्स्टारको बोर्डलाई पत्र पठाउँदै छोराको मृत्यु र त्यसपछि कम्पनीले गरेका नियुक्तिहरूबारे प्रश्न उठाइन्। उनको मृत्यु संदिग्ध र अस्पष्ट परिस्थितिमा भएको आरोपसमेत लगाइन्। तर बेलायती प्रहरीले पोस्टमार्टमपछि सञ्जयको मृत्यु प्राकृतिक कारणले नै भएको निष्कर्ष निकालेको थियो।

रानी कपुरले आफ्ना छोराको मृत्युबाट मानसिक र भावनात्मक तनावमा रहेका बेला महत्त्वपूर्ण कागजातहरूमा हस्ताक्षर गर्न बाध्य पारिएको बयान दिएपछि अर्को तरंग उठेको छ। उनले कम्पनीको बोर्डलाई पत्र लेख्दै भनेकी छन्, 'म र मेरो परिवार शोकमै रहेका बेला केही व्यक्तिहरूले कम्पनी कब्जा गर्न र पारिवारिक सम्पदा हडप्न प्रयोग गरे।'

उनले सोना कम्स्टारको बोर्डलाई २५ जुलाईमा तय भएको वार्षिक साधारण सभा (एजीएम) स्थगित गर्न र परिवारको प्रतिनिधित्व गर्ने नयाँ निर्देशक बनाउन आग्रह गरेकी थिइन्। तर यसविपरीत बोर्डले पत्र पठाएको भोलिपल्टै सभा आयोजन गऱ्यो र सञ्जयकी पत्नी प्रियालाई नन्-एक्जुक्युटिभ निर्देशक नियुक्त गऱ्यो।

पत्रमा सञ्जयकी आमा रानीले सन् २०१५ मा आफ्ना पतिको वसीयतमा सोना कम्स्टारसमेत समावेश रहेको सोना ग्रुपमा आफू एक मात्र लाभार्थी भएको दाबी गरेकी छन्। कम्पनीले रानीको दाबीलाई अस्वीकार गरेको छ। उनी २०१९ यता सोना कम्स्टारमा कुनै प्रत्यक्ष वा अप्रत्यक्ष भूमिका नरहेको बताएको छ।

बोर्डले उनको नोटिसलाई पालना गर्नुपर्ने बाध्यता नभएको र एजीएम पूर्ण रूपमा कानूनको पालना गरेर आयोजना भएको बताएको छ। कम्पनीले रानीलाई 'झूटा, दुर्भावनापूर्ण र हानिकारक' बयानहरू नफैलाउन कानुनी नोटिससमेत जारी गरेको छ।

उता सोना कम्स्टारको ७१.०८ प्रतिशत हिस्सा सर्वसाधारण शेयरधनी, बैंक, म्युचुअल फण्ड र वित्तीय संस्थाहरूको छ। यो भारतीय शेयरबजारमा समेत सूचीकृत छ। बाँकी २८.०२ प्रतिशत हिस्सा औरियस इन्भेस्टमेन्ट्स प्राइभेट लिमिटेडमार्फत प्रवर्द्धकहरूको छ।

कम्पनीको दस्तावेजअनुसार, सञ्जय कपूर आरके फ्यामिली ट्रस्टको एकमात्र लाभार्थी थिए। ट्रस्टले औरियस इन्भेस्टमेन्ट्समार्फत सोना कम्स्टारमा प्रवर्द्धकहरूको अंश नियन्त्रण गर्ने गरेको छ। 'कम्पनीको संरचना हेर्दा, हाल रानी कपुर दर्ता सेयरधनीको रूपमा देखा पर्दिनन्, त्यसैले उनलाई मतदानको अधिकार छैन तर आरके फ्यामिली ट्रस्ट र औरियस इन्भेस्टमेन्ट्सको कुरा छ। सम्झौता सार्वजनिक नभएसम्म रानीको त्यहाँ कुनै प्रत्यक्ष हित छ कि छैन भन्ने थाहा हुँदैन,' भारतको सर्वोच्च अदालतका कर्पोरेट मुद्दाका वकिल तुषार कुमारले बीबीसीलाई भने।

यस्तो विवाद भारतमा एउटा मात्र छैन। यस्ता कयौं विवाद भारतका विभिन्न अदालतमा चलिरहेका हुन्छन्।

भारतमा सूचीकृत कम्पनीहरूको ९० प्रतिशत परिवार-नियन्त्रित छन् तर पीडब्ल्यूसीको सर्वेक्षणअनुसार केवल ६३ प्रतिशतसँग औपचारिक उत्तराधिकार योजना छ।

इन्डियन स्कूल अफ बिजनेसका कविल रामचन्द्रन भन्छन्, 'धेरैजसो भारतीय पारिवारिक व्यवसायहरू 'ज्यादै अस्पष्टताका साथ' सञ्चालित हुने गरेका छन्। यो एउटा यस्तो क्षेत्र हो, जहाँ कसको कति स्वामित्व छ र कसले कहिले उत्तराधिकार पाउँछ, केही पनि थाहा हुँदैन।'

विज्ञहरू भन्छन्, 'मेरिटोक्रेसी बिना पारिवारिक संलग्नता र औपचारिक सम्झौताहरूको अभावले मामिलालाई जटिल बनाउँछ।'

'पितृसत्ताको मृत्युमा (वा त्यसअघि नै), स्वामित्व र व्यवस्थापन दुवैमा विवादहरू उत्पन्न हुन्छन् र धेरै पानी बगिसकेपछि समस्याहरू सौहार्दपूर्ण रूपमा समाधान गर्न गाह्रो हुन्छ,' भारतीय व्यापारिक परिवारहरूलाई स्वामित्व संरचनाका बारेमा सल्लाह दिइरहेका केतन दलालको भनाइ छ।

भारतमा कर्पोरेट क्षेत्रमा उत्तराधिकारका बारेमा यति कडा लडाइँहरू हुन्छन् कि ती बारम्बार अखबार र टीभीका हेडलाइन बन्ने गरेका छन्।

भारतका प्रख्यात व्यवसायी धीरुभाई अम्बानीको सन् २००२ मा बिना वसीयत मृत्यु भएपछि उनका दुई भाइ मुकेश र अनील अम्बानीबीच चर्को शक्ति संघर्ष भएको थियो। वर्षौंपछि उनकी आमा कोकिलाबेनले मिलापत्र गर्नुपऱ्यो।

हालै, भारतको प्रसिद्ध टेक्सटाइल कम्पनी रेमन्ड ग्रूपका साथै अन्य कम्पनीमा पनि पारिवारिक झगडाहरू देखा परे। उनीहरूको झगडाका कारण सर्वसाधारण शेयरधनीहरूले ठूलो मूल्य चुकाउनु पऱ्यो।

'जसले असीमित नियन्त्रण आफ्नो हातमा राख्यो, उसले साह्रै दुःख भोग्नु परेको छ। पछि कम्पनीले पनि दुःख भोग्छ। त्यसपछि शेयरमूल्य घट्छ र कम्पनीको भविष्य धरापमा पर्छ,' टेरेन्टिया नामक लिगेसी प्लानिङ फर्मका संस्थापक तथा प्रबन्ध निर्देशक सन्दीप नेर्लेकरको टिप्पणी छ।

तर केही परिवारहरू यस्तो समस्यामा फसेपछि भने शतर्क भएका छन्। त्यसको उदाहरण भारतकै सबैभन्दा ठूलो समूहमध्ये एक बजाज परिवारले सन् २००० को दशकमा उत्तराधिकारको आन्तरिक झगडाको हुरीपछि अदालतले विवाद समाधान गर्न हस्तक्षेप गर्नुपऱ्यो।

सो हस्तक्षेपपछि समूहको लागि उत्तराधिकार योजना बनाए। उनीहरूले आफ्ना छोराहरू र काकाका छोराबीच जिम्मेवारी बाँडफाँड गरे। कम्पनीले पछि झगडाको हुरी साम्य हुनुको कारण बताउँदै भनेको थियो, 'समूह अब पारिवारिक परिषद मार्फत सहमतिले सञ्चालन गर्ने गरेका छौं।'

गएको वर्ष, गोदरेज समूहको झगडा पनि साम्य भयो। भारतको सबैभन्दा पुरानो व्यापारिक घरानामध्ये एक यो समूहले ताला-चाबीदेखि रियल इस्टेटसम्मको व्यवसाय सञ्चालन गर्ने गर्थ्यो। वार्षिक अर्बौं डलरको व्यवसायलाई पछि असामान्य रूपमा सौहार्दपूर्ण तरिकाले साम्य पारेको घोषणा गऱ्यो।

नेर्लेकर भन्छन्, 'पारिवारिक कम्पनीहरूले गभर्नेन्स संरचनासहित उत्तराधिकार योजनामा काम गर्नुपर्छ। उनीहरूले राम्रो बोर्ड बनाउनु पर्छ। त्यो बोर्ड शक्तिसम्पन्न हुनुपर्छ। परिवारमा पनि केही नियन्त्रण दिइनुपर्छ ताकि व्यवसाय दीर्घकालीन रूपमा वृद्धि भइरहोस्। साथै, अर्को पुस्तालाई समयमै नेतृत्व दिन अनुमति दिनुपर्छ र परिवारले पनि उनीहरूलाई तयार गर्न समय दिनुपर्छ। यस्तो नीति लिएको खण्डमा पारिवारिक लिगेसी भएको कम्पनीमा समस्या धेरै हदले कम हुन जान्छ।'

मुकेश अम्बानीजस्ता व्यक्तिहरूले यो कुरालाई गम्भीरतापूर्वक लिएको देखिन्छ, किनकि उनले आफ्ना तीन छोराछोरीलाई पहिलेदेखि नै तयार गर्न थालेका छन्।

रामचन्द्रन भन्छन्, 'उत्तराधिकार रातारात निर्णय गर्न सकिने कुरा होइन। परिवार र सञ्चालन टोली दुवैलाई योजनाबद्ध तरिकाले लामो अवधिमा तयार गर्नु ज्यादै महत्त्वपूर्ण हुन जान्छ।'

## हास्यकलाकारको गाईजात्रे प्रस्तुति

# 'भ्रष्टाचारको बोरा नै निस्किँदोरैछ भुँडी चिरेपछि'


सन्तोष खनाल


हिमेश पन्त


प्रभात लामा


राजा राजेन्द्र


दिनेश काफ्ले


शिवशंकर रिजाल 'जोगिन्दर'


श्रीकृष्ण शिंखडा


सुवोध गौतम


सुन्दर खनाल


सुयसा खनाल

गाईजात्रा पर्वको अवसरमा रिपोर्टर्स क्लब नेपालले हास्य कलाकारहरूसँग साक्षात्कार कार्यक्रम गरेको छ। साक्षत्कार कार्यक्रममा हास्यकलाकारहरू सन्तोष खनाल, सुयशा खनाल, सुबोध गौतम, दमन रूपाखेती, दिनेश काफ्ले, प्रभात लामा, सुन्दर खनाल, हिमेश पन्त लगायतले आ-आफ्नो प्रस्तुति राखेका थिए। हास्यकलाकार रूपाखेतीले तीन शीर्ष नेताहरू केपी शर्मा ओली, शेरबहादुर देउवा र पुष्पकमल दाहाल 'प्रचण्ड'को बारेमा व्यङ्ग्य गरे। उनले आफ्नो कमेडीमार्फत वृद्ध नेताहरूले अब राजनीतिबाट संन्यास लिनुपर्ने सन्देश दिए।

'ओलीको बोलीले देश र जनतालाई भयो झेली। आफूमात्रै ठीक, अरु बेठीक ठान्ने। आफूलाई मान्नेलाई कार्यकर्ता मान्ने, आफूलाई नमान्नेलाई पार्टीबाटै हटाउने। कम्युनिष्टको नाममा कमाउनिष्ट भएर जनतालाई टुवाँ पार्ने गाईजात्रे ओलीलाई सबै मिलेर बाँधौं,' जोगीले फेरि लगाउने शैलीमा उनले प्रधानमन्त्रीसमेत रहेका नेकपा (एमाले) का अध्यक्ष केपी शर्मा ओलीप्रति व्यङ्ग्य गरे।

अर्का हास्य कलाकार शिवशंकर रिजाल 'जोगिन्दर'ले देशमा भइरहेको भ्रष्टाचारबारे आफ्नो व्यङ्ग्य प्रस्तुत गरे। उनले कवितात्मक शैलीमा आफ्नो प्रस्तुति यसरी राखे, 'राम्रा मान्छे पनि बिग्रिन्छन् रे सदनभित्र छिरेपछि। भ्रष्टाचारको त बोरै निस्किँदोरहेछ मन्त्री र सांसदको भुँडी चिरेपछि।'

उनले आफूले प्रत्येक २२ वर्षदेखि गाइजात्रा गर्दै आइरहेको बताए। यस पटक पनि ओएसआर डिजिटलमार्फत 'मिसन नौटङ्की' भन्ने गाईजात्रे प्रस्तुति दिएको उनले बताए।

त्यस्तै, अर्का हास्यकलाकार श्रीकृष्ण सिम्खडाले नेकपा (माओवादी केन्द्र) का अध्यक्ष प्रचण्ड, कांग्रेस सभापति देउवा लगायतको क्यारिकेचर गरे। उनले आफ्नो रचना रहेको गीतसमेत सुनाएका थिए।

कलाकार राजा राजेन्द्रले देशमा नकारात्मकता मात्रै देख्न नहुने धारणा राखे। देश पहिला के थियो र अहिले के भइरहेको छ भन्ने कुरा पढेलेखेका मान्छेहरूलाई थाहा हुनुपर्ने उनको भनाइ थियो। 'पहिला ऋणको अनुपात के थियो, अहिले के छ, पहिला विद्युतीकरण के थियो, अहिले कति छ ? पढेलेखेका मान्छेहरूलाई थाहा होस्,' उनले भने।

वरिष्ठ हास्य कलाकार शैलेन्द्र सिम्खडाले २०३७ सालदेखि आफू निरन्तर गाईजात्रामा रहेको बताए। आफ्नो मुख्य उद्देश्य नै हाँस्य-व्यङ्ग्यको माध्यमबाट समाजमा सकारात्मक सन्देश फैलाउनु रहेको उनले बताए।

अहिले गाईजात्रा दैनिक रुपमा सडकमै भइरहेको बताउँदै उनले आफ्नो प्रस्तुतिलाई कवितात्मक शैलीमा प्रस्तुत गरेका थिए-

*'जिउँदै भट्टीमा मान्छे लगाउनेको मिनाह हुन्छ केस*
*टिकटक बनाएर हाल्नेलाई छानीछानी थुन्ने देश*
*सरकारी कर्मचारीलाई घुस नखाउ नभनेर सिकाउन नसक्ने देश*
*सहकारी ठगलाई विदेशबाट झिकाउन नसक्ने देश*
*मलामीमा शंख बजाएर जन्तीको बाजा खोज्ने देश*
*गणतन्त्रको भत्ता खाएर सदनभित्र राजा खोज्ने देश।'*

## कश्मीरमा किताब प्रतिबन्ध

# लेखकहरूको तीव्र विरोध






भारतको जम्मु-कश्मीर सरकारले २५ वटा किताबलाई त्यहाँ प्रकाशन तथा वितरणमा प्रतिबन्ध लगाएको छ। अरुन्धती रोयदेखि ए.जी. नूरानीजस्ता लेखकका किताब अब जम्मु-कश्मीरमा पढ्न पाइने छैन।

राज्यका गृह सचिव चन्द्राकर भारतीले उपराज्यपाल मनोज सिन्हाको आदेशअनुसार ती पुस्तकहरू प्रतिबन्ध लगाएको बताएका छन्। एजेन्सीहरूका अनुसार, ती पुस्तकले जम्मु-कश्मीरका स्थानीय युवाको मानसिक सोच नै बदल्ने हुनाले तिनलाई प्रतिबन्ध लगाइएको हो।

यी पुस्तकले ऐतिहासिक तथ्यहरूलाई बङ्ग्याइएको, आतंकवादीहरूलाई महिमामण्डन गरिएको, सुरक्षा बलहरूलाई बदनाम गरिएको, धार्मिक कट्टरता, भारतबाट जम्मु-कश्मीरलाई अलग्याउने भावना बढाउन भूमिका खेलेको तथा हिंसा र आतंकवादको बाटो देखाएको जस्ता कुरा भरपूर रहेका कारण प्रतिबन्ध लगाइएको गृहमन्त्रालयले जनाएको छ।

यी पुस्तकलाई भारतीय न्याय संहिता (बीएनएस) २०२३को धारा १५२, १९६ र १९७ अनुसार भारतीय सम्भप्रभुता र अखण्डताका लागि खतरा मानिएको हुनाले भारतीय नारिक सुरक्षा संहिता २०२३ को धारा ९८ अनुसार कारबाही गरिएको जनाइएको छ।

यो खबरसँगै नागरिक समाजका कार्यकर्ता तथा अभिव्यक्ति स्वतन्त्रताका लागि आवाज उठाइरहेका व्यक्ति र अन्यले पनि यस निर्णयमाथि आपत्ति जनाएका छन्। भारत सरकारलाई यो प्रतिबन्ध हटाउन आग्रह समेत गरेका छन्।

किताबमा प्रतिबन्ध लगाउनु 'असहमतिलाई दमन गर्नु रहेको' भन्दै 'लोकतान्त्रिक आवाजको घाँटी निमोठ्ने प्रयास' असहृय हुने अधिकारकर्मीहरूले बताएका छन्।

शनिबार प्रतिबन्धको घोषणालगत्तै राज्य सरकारका प्रहरीले राजधानी श्रीनगरसहित कश्मीर उपत्यकाका विभिन्न भागमा रहेका विभिन्न पुस्तक पसलमा छापामारेको छ।

प्रतिबन्ध लगाइएका किताबहरूमा राजनीतिक टिप्पणी, ऐतिहासिक विवरण र मानव अधिकारमाथि लेखिएका छन्। यसमा ए.जी. नूरानीको 'द कश्मीर डिस्प्युट १९४७-२०१२', मन्त्रा बोसको 'कश्मीर एट द क्रसरोड्स' र कन्टेस्टेड ल्यान्ड्स, त्यसैगरी डेभिड देवदासको 'इन् सर्च अफ फ्युचरः द कश्मीर स्टोरी', अरुन्धति रोयको 'आजादी' र अनुराधा भासीनको 'अ डिस्म्यान्टल्ड स्टेट' रहेका छन्।

अन्तर्राष्ट्रिय स्तरमा प्रतिबन्धित किताबहरूमा कश्मीरी-अमेरिकी लेखिका हफ्सा कंजवालको कोलोनाइजिङ कश्मीर, हेले डुशिंस्कीको 'रेसिस्टिङ अकुपेशन इन् कश्मीर', भिक्टोरिया स्कोफिल्डको 'कश्मीर इन कन्फ्लिक्ट' र क्रिस्टोफर स्नेडनको 'इन्डिपेन्डेन्ट कश्मीर' रहेका छन्।

यसैगरी मौलाना अबुल अला मौदूदीको 'अल जीहाद फिल इस्लाम' र मुस्लिम ब्रदरहूडका संस्थापक हसन अल-बन्नाको 'मुजाहिद की अजान' जस्ता किताबमा पनि प्रतिबन्ध लगाइएको छ।

सरकारले यस्ता किताबले राष्ट्रिय सुरक्षामा असर पारिरहेको भन्दै प्रतिबन्ध लगाइएको हो।

प्रतिबन्ध लगाइएका अन्य पुस्तकहरूमा पियोत्र वाल्सेरोविच र एग्निएज्का कुजेभ्स्काको 'ह्युमन राइट्स भ्वाइलेन्स इन् कश्मीर', मोहम्मद यूसुफ सराफको 'कश्मीरिज् फाइट फर फ्रिडम', हफ्सा कंजवालको 'कोलोनाइजिङ कश्मीरः स्टेट-बिल्डिङ अन्डर इन्डियन अकुपेशन', डा. अब्दुल गनी जब्बारको कश्मीर पोलिटिक्स एन्ड प्लेबिसाइट, एससर बटूल र अन्यले लेखेको 'डू यू रिमेम्बर कुनन पोशपोरा', रेजिस्टिङ अक्युपेशन इन् कश्मीर, सीमा काजीको बिटवीन डेमोक्रेसी एन्ड नेशनः जेन्डर एन्ड मिलिटराइजेशन इन् कश्मीर लगायतका छन्। किताब खोज्दै पसल-पसल प्रहरीहरू पुग्न थालेपछि लेखकहरूले विरोध जनाएका छन्। प्रतिबन्धमा परेको पुस्तक 'इन सर्च अफ अ फ्यूचरः द स्टोरी अफ कश्मीर'का लेखक डेभिड देवदासले भने, 'यस्तो प्रतिबन्ध हाम्रो संस्कृति र लोकतन्त्रको अवधारणाविरुद्ध हो। इतिहासले धेरै पटक पुस्तकमाथिको प्रतिबन्ध र आगो झोस्ने कार्य सभ्यताको विकासविरुद्ध भएको प्रमाणित गरिसकेको छ।'

उनले केही स्वार्थले यी निश्चित पुस्तकलाई घृणा गर्ने गरेको बताउँदै प्रतिबन्धित किताबले वास्तविकता देखाएको बताए।

# ह्वाट इफ...
## विवादले 'रांझणा' सर्जक रुष्ट



एआईको सहयोगमा जब फिल्मका निर्माताले 'रांझाणा'को अन्त्य परिवर्तन गरे, त्यसपछि फिल्म निर्देशकदेखि फिल्मविज्ञसम्मले यसको आलोचना गरे। यो एआई विवादले फिल्म उद्योगलाई कुन दिशातर्फ लैजाला ?

हलिउडको प्रख्यात फिल्म 'द गडफादर'मा फिल्मको एक महत्वपूर्ण पात्र माइकलको सट्टा सन्नी मरेको भए के हुन्थ्यो ? वा 'टाइटानिक'मा रोजले काठको टुक्रा प्रेमीसँग बाँडेकी भए र ज्याक बाँचेको भए के हुन्थ्यो ? मलाई चाहिँ कहिलेकाहीँ यस्तो सोच पनि पलाउँछ।

यतिबेला यस्तै केही रोचक कुरा बलिउडमा घटिरहेको छ। भारतको सबैभन्दा ठूलो फिल्म निर्माण कम्पनीहरूमध्ये एक, इरोज इन्टरनेशनलले आफूले किनेको फिल्मलाई यस्तै केही प्रयोग गरिरहेको छ। इरोजको क्याटलगमा चार हजार भन्दा बढी फिल्महरू छन्। तीमध्ये सन् २०१३ को सुपरहिट फिल्म 'रांझाणा'लाई 'ह्वाट इफ...' प्रयोग गरेको छ। यदि त्यस्तो घटना नभएको भए के हुन्थ्यो होला भन्ने परिकल्पना गर्दै फिल्ममा उपयोग गर्ने निर्णय गरेको छ।

'रांझणा' फिल्ममा फिल्मको मूलपात्र मर्छ। कुन्दन (धनुष) हिन्दू युवक भएर पनि एउटी मुस्लिम युवतीको प्रेममा पर्छ तर उसको प्रेम असफल हुन्छ। प्रेममा असफल भए पनि जीवन रोकिँदैन। उसको मृत्युको साटो जीवन रोज्नु नै उपयुक्त हुन्छ भन्ने एआईको सुझावअनुसार कुन्दन बाँच्छ। अब 'रांझणा' असफल प्रेमको दुखान्त प्रेमकथा रहेन। फिल्मका निर्देशक आनन्द एल राय यस किसिमको परिवर्तनपछि आक्रोशित भएका छन्।



'हाम्रो कामलाई मेसिनले परिवर्तन गर्नु, त्यसलाई नयाँ आविष्कार वा नयाँ खोज भएसरी प्रचार गर्नु अपमानजनक हो,' रायले प्रतिक्रिया दिँदै भनेका छन्। यसबारे निर्देशक र अन्य सर्जक टोलीलाई कुनै जानकारी नदिई यस किसिमको परिवर्तन गर्दा आफू आहत भएको उनले बताए। उनले त अरूको सिर्जनामाथि कब्जा जमाउँदै फिल्मको उद्देश्य, यसको सन्दर्भ र आत्मा नै चुँडेर फ्याँकेको अनुभव भइरहेको र यसले चित्त दुखाएको मिडियामाझ बताएका छन्।

कुनै फिल्म स्टुडियोले एआईमार्फत यसरी मूलकथा परिवर्तन गरी फिल्मलाई पुनः रिलिज गरेको घटना पहिलो हो। यसले फिल्म समीक्षक, निर्माता र चलचित्रप्रेमीहरूबीच निकै ठूलो तरङ्ग सिर्जना गरेको छ।

### फिल्ममा के परिवर्तन गरियो ?

इरोज इन्टरनेनलले फिल्म 'रांझणा'को तमिल-डब संस्करण 'अम्बिकापाथी'मा वैकल्पिक अन्त्य चुनियो। यसको अन्त्य कसरी गर्दा सुखद् हुन्छ भनी एआईलाई सोधियो। एआईले सुझाएअनुसार फिल्मको अन्त्य राखेर पुनः सार्वजनिक प्रदर्शन गरियो। यो परिवर्तनले मूल फिल्मको क्लाइमेक्सलाई व्यापक रूपमा परिवर्तन गरेको छ। गएको १ अगस्टदेखि दक्षिण भारतीय राज्य तामिलनाडुका सिनेमाघरहरूमा यो फिल्म प्रदर्शन पनि भइरहेको छ।

फिल्ममा हिन्दू युवक कुन्दन (अभिनेता धनुष) र मुस्लिम युवती जोया (अभिनेत्री सोनम कपुर) बीचको प्रेमकथा छ। धार्मिक र सामाजिक बाधाका कारण उनिहरूको प्रेम असफल हुन्छ। मूल फिल्मको अन्त्यमा, प्रेममा असफल र घाइते कुन्दन अस्पतालमा मर्छ। जोया उसको मृत शरीरको छेउमा रुँदै बस्छे। एआईले बनाएको नयाँ संस्करणमा भने यस्तो हुँदैन। फिल्मको क्लाइमेक्समा कुन्दन मर्दैन। बरु बिस्तारै उसले आँखा खोल्छ र उठ्न थाल्छ। यसरी दुःखान्त प्रेमकथालाई सुखान्तमा बदल्ने प्रयास गरिएको छ।

एआईले गरेको परिवर्तन र त्यसको प्रदर्शनपछि मूल सिर्जनाकर्मीहरूले यसबारे विरोध जनाए। धनुषले विज्ञप्ति जारी गर्दै भनेका छन्, 'यो वैकल्पिक अन्त्यले फिल्मको आत्मा हराएको छ र यसको पुनः रिलिजले मलाई विचलित बनाएको छ।'

### परिवर्तन अनैतिक

'परिवर्तित अन्त्यसहितको 'रांझणा' मैले १२ वर्षअघि प्रतिबद्धता गरेको फिल्म होइन। एआई प्रयोग गरेर फिल्म परिवर्तन गर्नुले भविष्यमा कलाकृति र कलाकार दुवैका लागि गहिरो समस्या निम्त्याउने र कथावाचनको परम्परा र सिनेमाको सम्पदामाथि नै खतरा पुऱ्याउने मैले देखेको छु,' उनले एक्समा लेखेका छन्।

निर्देशक रायले पनि इन्स्टाग्राममा लामो टिप्पणी गर्दै यस कदमको आलोचना गरेका छन्। उनले लेखेका छन्, 'मेरो भनाइ प्रस्ट छ। एआईद्वारा परिवर्तित संस्करणलाई समर्थन वा अनुमोदन म गर्न सक्तिनँ। यो अनधिकृत हो। जे फिल्म बन्यो, जे भयो, त्यो त्यही रूपमा ठीक छ। अहिले एआईद्वारा बनाइएको फिल्म हाम्रो होइन वा हामीले सोचेको फिल्म होइन।'

निर्देशक रायले भने यस किसिमको अनधिकृत कार्यका विरूद्ध कानूनी विकल्प खोज्ने पनि बताएका छन्। उता इरोज इन्टरनेशनलका प्रमुख कार्यकारी प्रदीप द्विवेदीले भने स्टुडियोले चालेको कदम कानुनसम्मत भएको बताएका छन्। उनी भन्छन्, 'यो पुनःरिलिज ओरिजनल कृतिको प्रतिस्थापन होइन। यो त सिर्जनात्मक पुनर्व्याख्या हो। हामीले रिलिज गर्दा एआईको कुरा नउठाई सुटुक्क गरेको भए बेइमानी हुन्थ्यो तर स्पष्ट रूपमा र पारदर्शी रूपमा हामीले चर्चा गरेरै फिल्म रिलिज गरेका हौं।'

द्विवेदीले भनेअनुसार, भारतीय कपीराइट कानून अन्तर्गत निर्माता (यो मामिलामा इरोज) नै फिल्मको मूल लेखक र प्रमुख अधिकारप्राप्त व्यक्ति हुन्छ र त्यसैले सम्पूर्ण कानूनी तथा नैतिक अधिकार ऊसँग रहन्छ। त्यसैले यो फिल्मको अन्त्य वा कथानकमाथि गरिने परिवर्तनको इरोज वास्तविक हकदार हो।

उता फिल्म समीक्षक मयंक शेखरका अनुसार, एआईको प्रयोगको वास्तविक समस्या भनेको लेखक, निर्देशक र कलाकारको स्पष्ट सहमति बिना काम गर्नु हो। उनले भने, 'प्राविधिक हिसाबले हेर्दा यो गैरकानूनी नदेखिन सक्छ तर यो निश्चित रूपमा अनैतिक हो।'

### यसअघि एआईको प्रयोग

दुई वर्षअघि हलिउडमा कलाकार तथा प्राविधिकहरूले ठूला स्टुडियोहरूले एआईको प्रयोग व्यापक रुपमा बढाउन सक्ने र यसले उनीहरूको जागीर खोसिन सक्ने भन्दै व्यापक प्रदर्शन गरेका थिए। सो प्रदर्शनी तीन महिनाभन्दा बढी लम्बिएको थियो। त्यो बेला फिल्ममाथि यसरी छेडखानी गरिएला भन्ने कसैले पनि सोचेको थिएन। तर क्रमशः अब त्यो डर हलिउड मात्र होइन, संसारका अन्य सिनेमातर्फ पनि छिर्ने देखिएको छ।

यसअघि कहिल्यै पनि निर्माता वा क्रूले पुरानो फिल्मको कथानक परिवर्तन गरेर पुनः रिलिज गरेको संसारभर देखिएको थिएन तर एआई पोस्ट-प्रोडक्सनमा भने भ्वाइस डबिङ, ग्राफिकका सुधार, श्रव्यदृश्यको गुणास्तर वृद्धिजस्ता अनेकन् प्रयोगहरू भने भइरहेका छन्। ती प्रयोग हुँदासमेत हलिउड र यूरोपेली फिल्म उद्योगमा राम्रै चर्चा र आलोचना हुने गरेका थिए।

उदाहरणका लागि निर्देशक डेविड फिन्चरले आफ्नो फिल्म 'सेभेन'को ३० औँ वर्ष पूरा भएको अवसरमा यो फिल्मको 'फोरके' गुणस्तरका लागि एआई प्रयोग गरे। नेटफ्लिक्सले एआई प्रयोग गरेर विशेष प्रभाव सिर्जना गरेको र दर्शकको प्रोफाइलअनुसार ट्रेलरलाई खास प्रकारले 'कस्टमाइज' गरेको थियो। यसैगरी 'द ब्रुटालिस्ट' फिल्ममा एआई प्रयोग गरेर हंगेरी भाषाको उच्चारणलाई प्रामाणिक बनाइएको थियो। यसका कलाकारले हंगेरियन भाषा प्रयोग गर्दा उच्चारणहरू शुद्ध नभएको भन्दै निर्देशकले एआईको सहयोग लिएका थिए।

तर, कथानक नै परिवर्तन गरेर फिल्मलाई पुनः रिलिज गरिएको घटना भने यो नै पहिलो हो।

विशेषज्ञहरूका अनुसार, यो प्रयोग सफल भएको खण्डमा पुराना फिल्महरूमा एआईद्वारा कथानक परिवर्तन गर्ने र पुराना फिल्मलाई व्यापक रुमपा नयाँ स्वरूपमा ल्याउने चलन बढ्न सक्छ तर यसले मौलिक संस्करणलाई घात पुऱ्याउन पनि सक्छ। जब कसैले यसलाई 'मूल' फिल्म भनेर प्रचार गर्न थाल्यो भने मूल स्वरूपको फिल्मको चर्चा नै नहुने डर पनि उत्तिकै छ। समीक्षक शेखर भन्छन्, 'कलाकृति आफ्नो मौलिक मूल्यका लागि सम्मानित हुनुपर्छ। कसैलाई यसको अन्त्य मन पऱ्यो कि परेन भनेर त्यसलाई ठाडै परिवर्तन गर्ने काम भने गरिनु हुँदैन।' *(अलजजिराबाट)*

# केयूले अब संस्कृत पनि पढाउने

वृहत् कार्यक्रमका साथ आठौं विश्व संस्कृत दिवस सम्पन्न भएको छ। कार्यक्रममा प्राध्यापक डा. ऋषिराम पोखरेललाई सम्मान गर्नुका साथै काठमाडौं विश्वविद्यालयको भाषा तथा आमसञ्चार विभागद्वारा छिट्टै नै संस्कृत भाषाको अल्पकालीन शिक्षण सुरु गर्ने जानकारी समेत गराइयो।

राजधानीस्थित वाल्मीकि विद्यापीठमा शनिबार जरोकिलो प्रतिष्ठान, नेपालको आयोजनामा कार्यक्रम सम्पन्न भएको हो। काठमाडौं विश्वविद्यालयको भाषा तथा आमसञ्चार विभाग, वाल्मीकि विद्यापीठ, त्रि-चन्द्र कलेजको दर्शनशास्त्र विभाग लगायतका संघसंस्थाको सहआयोजनामा आठौं विश्व संस्कृत दिवस सम्पन्न भएको हो। सम्मानित प्रा.डा. पोखरेलले संस्कृत भाषामा पूर्वीय सभ्यताको विगत, वर्तमान र भविष्य निहित रहेको उल्लेख गर्नुभयो। काठमाडौं विश्वविद्यालयका सहप्राध्यापक डा. रामचन्द्र पौडेलले स्कुल अफ आर्टस् अन्तर्गतको भाषा तथा आमसञ्चार विभागमा यथासिघ्र संस्कृत भाषाको अल्पकालीन कक्षा सुरु गर्ने तयारी भइरहेको उद्घोष गर्नुभयो।

कार्यक्रमको अध्यक्षता गर्नुभएका जरोकिलो प्रतिष्ठानका संयोजक प्रा.डा. माधवप्रसाद पाण्डेयले संस्कृत भाषामै ज्ञानको भविष्य उज्वल रहेको बताउनुभयो।

हार्दिक बधाई तथा शुभकामना

नेपाल न्युज पब्लिकेशन्स् प्रा.लि. ले दैनिक पत्रिका news24 दैनिक प्रकाशन प्रारम्भ गरेकोमा पत्रिकाको उत्तरोत्तर प्रगति र पूर्ण सफलताको हार्दिक बधाई तथा शुभकामना व्यक्त गर्दछौं।

SHIKHAR INTERNATIONAL MANPOWER SERVICES (P) LTD.
Lazimpat-2, Kathmandu, Nepal
P.O.BOx: 21650, Shikhar House
Near Radisson Hotel, Block No. 161
Tel: 9771-4541707, E-mail: shikhar1@mos.com.np
www.shikharmanpower.com.np

नेपाल न्यूज पब्लिकेशन्स् प्रा.लि. द्वारा प्रकाशित, बालुवाटार, काठमाडौं, फोन नं. : ०१-४५००७७७, इमेलः news@news24dainik.com, अध्यक्षः अनिल जोशी, प्रबन्ध निर्देशकः अदिश जोशी, प्रधान सम्पादकः तीर्थ कोइराला